साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक २६ २०८२ माघ १३ गते मंगलबार (Jan.27, 2026) मूल्य रू. १०/-

## डराए लिङदेन र चाउरिए कुलमान



उज्यालो र राप्रपाका नेताद्वय कुलमान घिसिङ र राजेन्द्र लिंगदेनको मस्ती गल्दै गएजस्तो छ। कुलमानले चर्चामा आउन भावी प्रधानमन्त्री मै हुँ भने पनि राजतन्त्र पुनर्स्थापना गर्छौं भन्ने राप्रपा मरीच चाउरिएझैं चाउरिएको देखिन्छ। चुनाव आइसक्यो, राप्रपाका नेताहरू आफू कसरी चुनाव जित्ने भन्नेमा सिमित छन्, राजतन्त्रको एजेण्डा सेलाएको छ।

लिंगदेन एमालेसँग भित्री तालेमेल गर्दैछन् भने कुलमान घिसिङको उज्यालो अँध्यारो हुँदै गएजस्तो छ। रास्वपामा मिलेर अलग भएका कुलामान घिसिङलाई काठमाडौं ३ मा रास्वपाका राजु पाण्डेले नै टक्कर दिइरहेका छन्।

# बालेनलाई छिर्की लाउँदै ओली



परिवर्तनको लहरलाई रोक्न र बालेनलाई छिर्की लगाएर लडाउन एमालेका अध्यक्ष केपी ओलीले नयाँ धराप थापे- सार्वजनिक बहस गरौं।

भावी प्रधानमन्त्रीका दावा गर्नेहरूवीच सार्वजनिक बहस गर्ने तुरूप फालेर एमाले अध्यक्ष केपी शर्मा ओलीले बालेन साहको मतदाता आकर्षणलाई समाप्त पार्ने चाल चलेको गन्ध आएको छ। ओलीको यही चाललाई नेपाली कांग्रेसका गगन उचाल्ने काँधका रूपमा रहेका विश्वप्रकाश शर्माले पनि टुँडिखेलमा सार्वजनिक बहस हुनुपर्ने विषयको उठान गरेका छन्।

विश्लेषकहरू एमाले र कांग्रेसको सात्तो गएको अर्थमा हेर्दै स्वच्छ र स्वतन्त्र चुनाव बिथोल्न ओलीले सार्वजनिक बहस गरौं भन्ने नाममा धराप थापेको हुनसक्ने अनुमान गरेका छन्। यो प्रस्ताव आफैमा राम्रो हो तर बालेन र मधेसी समुदायमाथि हेट स्पिच दिइसकेपछि राखेको यो प्रस्ताव असल नियतले नआएको देखिन्छ।

***बालेन साहले स्टाटसमा जवाफ दिए-***

*- आफूलाई देश जलाउनेको रूपमा स्वीकारेको ठिकैछ, हुन पनि नेताहरूको घर कता कता छन्, तपाईहरूलाई नै थाहा थियो।*

*- तपाईहरू आफै २३ गते बच्चाहरू मारेको आतङ्कवाद लुकाउन २४ गते जलाएको हो। आफूलाई आतङ्कवादी चाहिं कहिले स्वीकार्ने हो?*

*- त्यसपछि अरू कुरा गरौंला।*

*- ७६ जना बच्चाको हत्यारा र उसको मतियारसँग एउटै मञ्चमा उभिनु भनेको म पनि त्यसमा सामेल भएको बुझिनेछ।*

बालेन साहले यसरी अमेरिकी स्टाइलमा भावी प्रधानमन्त्रीका दावेदारवीच सार्वजनिक बहस गरौं भन्ने कांग्रेस, एमालेको प्रस्ताव अस्वीकार गरिदिएका छन्। ओलीले बहस गरौं भनेपछि बालेनले प्रश्न तेर्स्याएका छन्- *'आफूलाई आतंकवादी चाहिँ कहिले स्वीकार्ने हो? अनि कुरा गरौला।*

केपी ओलीको सार्वजनिक बहसको लागि तैयार छु भन्ने भनाइले रास्वपाको र खासगरी बालेन साहको देशव्यापी रूपमा उर्लिएको क्रेजसँग तर्सिएको बुझ्न सकिन्छ। तर हत्यारासम्मको आरोप प्रत्यारोपले चुनाव अघि नै हिंसाको जोखिम बढाएको छ।

ओलीले हेट स्पिच दिनुसम्म दिएपछि र जेनजी आन्दोलनमा मारिएका बालबालिकाप्रति जिम्मेवारी नलिएर गैह्रजिम्मेवार बनेपछि एकाएक भावी प्रधानमन्त्री घोषित भएकाहरूवीच सार्वजनिक बहसको कुरा किन उठाए? बालेनलाई बोल्न ओलीले नै बाध्य पारेका हुन्। ओलीको बहस प्रस्ताव अघि 'देश जलाउने र देश बनाउने' 'गुइँठा बाल्ने, फोहरी' 'भदौ २४ को विध्वंशको जिम्मेवार' भनेर बालेनमाथि असभ्य, असंदीय कित्ताकाँट गरेका थिए। चुनावलाई देश बनाउने र जलाउनेवीचको प्रतिस्पर्धा भन्दै बालेनलाई जलाउने कित्तामा राखेको बुझ्न सकिन्छ। उनवै बालेनसँग सार्वजनिक बहसको प्रस्ताव गर्नु यसकारण पनि राजनीतिक चातुर्यता हो। पूर्वप्रम भइसकेका खारिएका भनिएका केपी ओलीले उम्मेदवारी दर्ता गराउनु पूर्व कान्तिपुरसँग भनेको रेकर्ड छ- दमक धनुषाजस्तो दुरावस्थामा छैन। गुइँठा बाल्ने कल्चरबाट आएको मान्छेले झापामा गुइँठा बाल्न सिकाउने कि के गर्ने हो? ओलीले यसरी बालेनको व्यक्तिगत सामर्थ्य र निष्ठामाथि प्रश्न उठाए, मधेसी समुदायको संस्कृति र भावनामा चोट पुऱ्याए। ओलीजस्ता पाका नेताले मधेशलाई अपमान गरेको मधेशी कसैलाई पाच्य भएको छैन। यसकारण पनि ओलीले राखेको पश्चिमा सभ्य प्रचलनअनुसारको सार्वजनिक बहस बालेनले अस्वीकार गरेको हुनुपर्छ।

बालेन काठमाडौंको मेयर हुँदा ओली प्रधानमन्त्री थिए। प्रम ओलीले बालेनलाई पाइला पाइलामा खेदे, काममा बाधा हाले। आफ्ना एसम्यान प्रशासकीय अधिकृत थोपरेर के के न गरेको देखाएका थिए। अहिले बालेन तिनै केपी ओलीसँग चुनावी मैदानमा प्रतिस्पर्धा गर्न सुर्रिएका छन्। यसलाई भनिन्छ, जिते हस्तिनापुरको राज, हारे चपरीमुनीको बास। बालेनले जिते विश्व समाचार, बालेनलाई काम गरेर जेनजी पुस्ताको एजेण्डा पूरा गर्ने अवसर, ओलीले चुनाव हार्नु भनेको उनको राजनीतिक जीवनको अन्त्य।

बालेनले हिरो जसरी परिवर्तनको बाहक मै हुँ भन्ने शैलीमा झापा ५ प्रवेश गरे, पाथीभरामाताको दर्शन गरेर रास्वपाभित्रको केहीको धार्मिक अनास्थालाई पनि चिरेका छन् र पूर्वको प्रचार सकेर पश्चिमतिर हान्निएका छन्। बालेन प्रधानमन्त्री बन्न रास्वपाका देशैभरिका उमेदवार जिताउन अग्रसर भएका छन्।

हुन त बालेनलाई अन्तरिम सरकारकै अफर थियो, यही चुनावमा उनी सुरक्षित अनेक क्षेत्रमा उठ्न सक्थे, उनले झापा ५ मा गएर ओलीलाई नै हराएर प्रधानमन्त्री बन्ने निर्णय गर्नु परिवर्तनका लागि उच्च राजनीतिक साहस गर्नुपर्छ भन्ने सन्देश पनि हो। बालेनले माघ ५ मा जनकपुरबाट चुनाव प्रचार सुरू गरे र मधेशको छौंरा (मधेशको छोरा) देशको प्रधानमन्त्री बन्न लागेको छ भनेर मत मागे। बालेनलाई निचा देखाउनकै लागि ओलीका दाहिने हात मानिएका महेश बस्नेतले लुसिफर पछि केको बच्चालाई छाउरा (कुकुर) भनिन्छ भनेर अपमान गरेर बोले। जसको प्रतिरक्षामा एमाले अध्यक्षले सार्वजनिक बहसको प्रस्ताव गरेको अर्थमा पनि हेरिएको छ। यो अभिव्यक्तिले एमालेप्रति मधेशमा आपत्ति र आलोचना ह्वात्तै बढेको छ। यद्यपि एमालेका मधेश इन्चार्ज रघुवीर महासेठले बस्नेतलाई क्षमायाचना नै गर्न लगाए।

भोजपुरी र मैथैली भाषीमाथि एमालेले गरेको हेट स्पिचबाट मधेशमा बढेको आक्रोस शान्त भइसकेको छैन। आलोचना गरेकै पात्रलाई वाकपटुताबाट परास्त गर्न बालेनसँग बहस गर्न तैयार हुनु ओलीको राजनीतिक चतुरतामात्र हो। यद्यपि ओली चुनाव भन्दा संसद पुनर्स्थापित होस् भन्ने चाहन्छन्। कांग्रेसका सभापति शेरबहादुर कि गगन भन्ने मुद्दा पनि अदालतमै छ।

विश्लेषक भन्छन्- चर्को कुरा गरेर उत्तेजित पार्ने र आफ्नो पक्षमा माहोल ढाल्न खोज्नु ओलीको शैली हो, जुन जेनजी आन्दोलनपछि बासी भइसकेको छ।

यतिबेला चुनावी वातावरण बनाउनु सबै पार्टीको जिम्मेवारी हो। बुद्धिजीवी, प्रेसले पनि वातावरण संग्ल्याउन लाग्नुपर्ने जिम्मेवारी छ। निर्वाचन आयोग र सरकारले नेताहरूको विषालु र बिझ्ने असंदीय भाषामा खबरदारी गर्नुपर्छ। नेपाल अमेरिका वा बेलायत होइन, जहाँ बहसबाट राष्ट्रपतिको छवि देखिन्छ। नेपालमा शिक्षा र चेतना बिकसित समाजको स्तरमा पुगिसकेको छैन, त्यस्तो माँग किन?

## चुनाव क्रान्तिकारी मोर्चा




नेकपा माओवादीका महासचिव विप्लवले फागुन २१ को चुनावलाई संघर्षको क्रान्तिकारी मोर्चा भनेका छन्। विप्लवले स्वीकारेका छन्- निर्वाचनले देशभरि नै तरङ्ग उठाएको छ। क्रान्तिकारी शक्तिहरू देशैभरि संघर्षमा सहभागी भएका छन् भन्दै विप्लवको निष्कर्ष छ- निर्वाचन एउटा संघर्षको मोर्चा हो, चुनाव मुखमै आइसकेपछि तंरगित सपनासहित देशैभरी सहभागी भइरहेका छौं। विभिन्न ठाउँबाट संघर्ष गर्दैछौं। चुनावी मैदानको अग्रभागमा बसेर नेतृत्व गर्ने जिम्मा हामी सबैको हो। चुनाव हुन्छ कि हुन्न भन्ने बहस टुंगो लाग्यो, उतारचढावको अवस्थाले राज्य नै संक्रमणमा छ।

## कांग्रेसको भावी प्रधानमन्त्री गगन



अदालतले संसद पुनर्स्थापना गर्ला कि भन्ने झिनो आशा राखे पनि शेरबहादुर देउवाको आसन खोसिइसक्यो, गगन थापा सभापति बनिसके। कांग्रेसले भावी प्रधानमन्त्री गगन थापा भनिसक्यो, सिङ्गो मुलुक निर्वाचनमय भइसक्यो। कांग्रेस हाउसदेखि चुनावी क्षेत्र क्षेत्रमा कांग्रेसीहरू 'अबकी बार गगन सरकार' भनेर नारा लगाइरहेका छन्। काठमाडौं ४ बाट सर्लाही झरेका गगन थापाको संकल्प छ- बदल्यौं कांग्रेस, बदल्छौ देश। यही संकल्पका साथ नयाँ यात्रा प्रारम्भ गर्दैछौं हामी। हाम्रो केवल एक ध्येय छ- देशको समुन्नति। कांग्रेसमा गजधम्म बसेका देउवा कोटरीका अधिकांशलाई चुनावी टिकट नदिएका गगनले जेनजीको सपना पूरा गर्न धेरै नयाँ अनुहारलाई चुनावी मैदानमा उतारेका छन्।

## राष्ट्रिय सभामा मेचे



परिवारका सदस्य, चुनाव हारेका, नेतालाई मनपरेका र चन्दा दिनेहरूको स्थायी बृद्धाश्रमजस्तो बनिसकेको राष्ट्रियसभामा रोशनी मेचे पुगेकी छिन्। मेचे समुदाय झापाको मेचीनगर, बिर्तामोड, हल्दिबारी र कचनकवलतिर बसोबास गर्ने मासिक ४ हजार सामाजिक सुरक्षा भत्ता पाउन सिमान्तकृत लोपोन्मुख समुदाय हो। यिनी यसअघिको पनि एमालेको सांसद थिइन्। मेचे समुदायकी पहिलो प्रतिनिधि पात्र हुन्, यिनले मेचे समुदायलाई कसरी उठाउने भन्ने विषयमा काम गरिरहेकी छिन्। संविधानको मुख्य मर्म भनेकै यस्तै अल्पसंख्यक, सिमान्तकृत, आवाजबिहीनहरूको आवाजको प्रतिनिधित्वहोस् भनेर नै राष्ट्रिय सभाको परिकल्पना गरिएको थियो।



## नाडी छाम्यो चीनले

जेनजी आन्दोलन, जेनजी बिस्फोटन, ७६ को नरसंहार, फ्रितिब्बतको नारा-टिओवी ग्रुपको संलग्नता, अन्तरिम सरकार र चुनाव, भारत र अमेरिकाको बढ्दो प्रभाव, आदि विषयमा चीनले नेपाल मामिला विज्ञ चङ यौया (सरला) नेतृत्वको टोली पठाएर नेपालका राष्ट्रपति, प्रधानमन्त्री देखि पार्टी नेताहरूलाई भेटेर नाडी छाम्ने काम गरेको छ। नेपाल-चीन सम्बन्ध, दलीय सहकार्यमा कुरा भएको भनिए पनि चीनलाई लागेको चिसो र भावी नीति तय गर्न टोली आएको हो।



## किन हौसिए प्रचण्ड

एमालेलाई एकतावद्ध हुन आह्वान गरेका प्रचण्ड-माधव नेपालले चीनका दूतलाई भेट्नासाथ एकाएक हौसिन थालेका छन्। २०भन्दा बढी पार्टीलाई मिलाएर चुनावमा होमिएका प्रचण्ड-माधव आफ्नै पार्टीले बहुमत ल्याउने र सरकार बनाउने दावी गर्न थालेका छन्। डाइनामिक लिडरमा गनिएका तर चितवनबाट गोरखा हुँदै यो चुनावमा रूकुम पुगेका प्रचण्डले भनेका छन्- देश अझै संकटमा छ, दुर्घटना अझै टरिसकेको छैन, नेकपाले सरकार बनायो भने मात्र देशमा शान्ति र समृद्धि आउँछ। प्रचण्डकै शब्दमा 'बलियो राष्ट्रिय शक्ति निर्माण गर्न सकिएन भने फेरि पनि दुर्घटना हुनसक्छ। देशलाई अर्को खाल्टोमा जान नदिन हामीले जिम्मेवारी लिएका छौं। त्यसैले वामपन्थी र राष्ट्रवादी शक्तिहरूलाई एकतामा ल्याएका छौं।'

प्रचण्डको दावी छ- जेनजी पुस्ताले पनि आफ्नो एजेन्डा पूरा गर्न सक्ने पार्टी नेकपा नै रहेको बुझिसकेको छ। देशभक्तहरू एकजुट होऊँ।

## देशैभरि चुनावी रौनक बढ्दैछ

पार्टीहरूलाई चुनाव लागेको छ। देशैभरि चुनावी रौनक बढ्दैछ। फागुन २१ को चुनाव जेनजी पुस्ताले चाहेको परिवर्तन हुनेछ भन्ने धेरैको विश्वास छ।

जेनजी आन्दोलनले पद्धति ध्वस्त पारेपछि यो चुनाव घोषणा भएको हो। ७६ जना जेनजी मारिए र खरवौंको सम्पत्ति खरानीपछिको परिणाम हो यो चुनाव।

सेनाले मानिस बचाएर र सेनाकै सहजकर्ताको भूमिकाबाट सम्भव भएको यो चुनाव हुने वातावरण बनेको छ तथापि हुँदैन कि भन्ने संशय पनि बाँकी नै छ।

४९ समूहका जेनजी पुस्ताले सुशासन, भ्रष्टाचारको अन्त्य, रोजगारी, समानता, न्यायको एजेण्डा उठाएका थिए। ती एजेण्डा र भएका सम्झौताले बाधा नपारून्। अदालतले पनि चुनावको मार्ग प्रशस्त गरोस्। चुनाव र स्थिरता आओस्। लोकतन्त्रमा जनता निर्णायक हुन्, जनता निर्णय दिन तैयार भएका छन्।


## जेनजी नरसंहारपछिको फागुन २१

नागरिक समाज, प्रेस, थिङ्क टेङ्क सबै चुप छन्, भदौ २३ र २४ को नरसंहार र आगजनीको जिम्मेवारी सरकारले लिनुपर्छ भन्न सकेनन्। सयौं अंगभंग भएका छन्, उपचार नपाएर छटपटीमा पनि छन्। तत्कालीन सरकार जिम्मेवारी लिन्न भन्छ, जो मारिए तिनको ज्यानको महत्व भनेकै यही चुनाव हो। आमाका काख रित्तिएर आएको चुनावले जेनजी पुस्ताको परिवर्तन र सुशासनको माग पूरा गर्ला नगर्ला भविष्यकै गर्भमा निहित छ।




भदौ २३ र २४ पछि झण्डै डेढसय दिन बितिसक्यो। न्याय सम्पादन हुनसकेको छैन। छानबिन भइरहेकै छ, यो छानबिनले कसलाई दोषी देखाउँछ र दोषीले कहिले दण्ड पाउँछ, कि जेनजीको सहादत खेर जाने हो, अनिश्चित छ। यी बालबालिकालाई कसले माऱ्यो? जसरी जनयुद्ध रहस्यमै छ, यो हत्याकाण्ड पनि रहस्यकै रूपमा रहनसक्छ। सार्वजनिक सम्पत्ति पुनर्निर्माण हुनसक्छ, जो मारिए कलिला बालबालिका तिनीहरूको जीवन फेरि ब्यूँतिन सक्दैन। कानुन कता छ, राजनीतिक र प्रशासनिक नैतिकता किन माऱ्यो? लोकतन्त्रमा हुनैपर्ने जवाफदेहीता किन कुनै नेतामा बाँकी रहेन? यी प्रश्न राज्यले दिनुपर्ने हो, राज्य समय लङ्घ्याइरहेको छ। जेनजी पुस्ताको आन्दोलनमा भएको राज्य आतंक, नरसंहार लुकाएर कहिले लुक्नेछैन। फागुन २१ को निर्वाचन मारिएका यी बालबालिकाको शोकलाई शक्तिमा बदल्ने अवसर हो। तिनको सपना साकार हुनुपर्छ। रक्तबिज जिवन्त रहनेछ। ***- डा.विनिता***

## काठमाडौंमा पाकिस्तानी फूड फेस्टिभल




काठमाडौं । नेपालस्थित पाकिस्तानी दूतावासको सकृयतामा 'पाकिस्तान फुड फेस्टिभल' आयोजना हुन लागेको छ । यो फूड फेस्टिभल आगामी माघ २२ गतेदेखि हुनलागेको हो । फेस्टिभल ठमेलस्थित अलफ्ट होटलमा ३ दिनसम्म आयोजना हुनेछ । यसको आयोजक इलेभेन इलेभेन र पर्ल कन्टिनेन्टल होटल्स एण्ड रिसोर्ट्स क्युलिनरीले गर्न लागेका हुन् । यस फेस्टिभलमा जान चाहनेले अग्रिम बुक गर्नसक्ने र प्रतिव्यक्ति ३५ सय शुल्क तोकिएको छ ।

आयोजकले भनेको छ- यो फेस्टिभलमा पाकिस्तानका चर्चित र परम्परागत परिकारहरू प्रस्तुत गरिनेछ । बिरयानी, कबाब, कराही, नान, हलीम, टिक्का, मिठाईलगायत विभिन्न पाकिस्तानी स्वादिष्ट परिकारको स्वाद चाख्न पाइनेछ । नेपाल-पाकिस्तानबीचको सांस्कृतिक तथा कुटनीतिक सम्बन्धलाई यस फेस्टिभलले थप मजबुत बनाउने र भाइचारा बढाउने भूमिका खेल्नसक्ने छ ।

## धेरै उद्यमी व्यवसायी चुनाव लड्दैछन्



उद्योगपति चुनावमा होमिएका छन् । यसबाट पनि थाहा हुन्छ- उद्योग व्यवसायीहरू राजनीतिबाट कति छटपटिएका रहेछन् । नेपालमा उद्यम, व्यापार गर्ने वातावरण छैन भन्ने यो पछिल्लो उदाहरण हो ।

चौधरी ग्रुपका अध्यक्ष विनोद चौधरी नवलपरासी- १ मा, मेडिकल व्यवसायी डा. सुनीलकुमार शर्माले पनि मोरङ- ३ मा, यशोदा फुड्सका अध्यक्ष चुन्नप्रसाद शर्मा रूपन्देही- २ मा, व्यवसायी अनिलकुमार रूंगटाले पर्सा- १ मा, अलैंची व्यवसायी राजेन्द्र घिमिरेले झापा-३ मा, यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले पनि कैलाली- २ मा, निर्माण व्यवसायी कर्णबहादुर बुढाले डोल्पामा, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का पूर्वअध्यक्ष रमेशप्रसाद धमलाले धादिङ-२ मा, पर्यटन व्यवसायी तथा पर्यटन बोर्डका पूर्वसदस्य कृष्ण रिजालले धादिङ- १ मा, मुक्तिनाथ विकास बैंक र मुक्तिनाथ कृषि कम्पनीका पूर्वअध्यक्ष भरतराज ढकालले स्याङ्जा- १ मा, घरजग्गा व्यवसायी प्रेमकुमार खत्रीले गोरखा- १ मा, कुरियर तथा कार्गो व्यवसायी प्रकाशसिंह कार्की सोलुखुम्बुमा, पर्यटन व्यवसायी योगेश गौचनले मुस्ताङमा, वैदेशिक रोजगार व्यवसायी तिलक रानाभाटले कास्की- १ मा, भन्सार एजेन्ट तथा व्यवसायी केशव पाण्डेले झापा- १ मा, व्यवसायी भुवन श्रेष्ठले गुल्मी- २ मा, लुम्बिनी सुगर मिल्सका अध्यक्ष वीरेन्द्रकुमार कनौडियाले कपिलवस्तु- ३ मा, उद्योगपति दिलीप अग्रवालले मोरङ- २ मा, व्यवसायी मनोज अग्रवालले मोरङ- ५ मा, व्यवसायी उमाशंकर अरगरियाले धनुषा- २ मा, व्यवसायी पोल्देन छोपाङ गुरूङ मनाङमा, बैंकर मीनप्रसाद गुरूङ स्याङ्जा- १ मा, व्यवसायी खिम थापा स्याङ्जा- २ मा, दुग्ध व्यवसायी रामचन्द्र उप्रेती झापा- १ मा, वैदेशिक रोजगार व्यवसायी लालप्रसाद साँवा लिम्बूले झापा- ४ मा, व्यवसायी कृष्णकुमार श्रेष्ठ बारा- ४ मा, उद्योगी भगीरथ सापकोटा नवलपुर- १ मा, भक्तपुर वाणिज्य संघका महासचिव रूकेश रञ्जित भक्तपुर- १ मा, पर्यटन बोर्डका पूर्वसिइओ धनञ्जय रेग्मी स्याङ्जा- १ मा, ऊर्जा व्यवसायी भरतप्रसाद पराजुली सिन्धुपाल्चोक- १ मा, व्यवसायी डा. वीरेन्द्रप्रसाद

**सत्यतथ्य र ताजा समाचारका लागि**

www.sandhyakalin.com पढौं र लेख, रचना, समाचार र बिज्ञापन पठाएर सहयोग गरौं ।

# देश नै नबच्ने हो कि भन्ने निराशा पैदा भयो



***नारायणहिटी राजदरवारबाट हामी बाहिरीएको करीब दुई दशक बित्दा पनि देशले सामाना गरिरहनु परेको संकटले हामीलाई चिन्तित तुल्याएको छ । हिजो देश नबनेकोमा चिन्ता थियो, आज देश नै नबच्ने हो की भन्ने निराशा पैदा भएको छ ।***

'स्वदेश तथा बिदेशमा रहे बसेका प्यारा नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,

नेपाल राष्ट्रका निर्माता, नेपाली समाजका समन्वयकर्ता एवं एकताका धरोहर श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह आम नेपालीका निम्ति श्रद्धा तथा सदा स्मृतिका व्यक्तित्व होइबक्सिन्छ । मौसुफको तीन सय चारऔं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसका उपलक्ष्यमा हामी उहाँलाई नमन गर्दै श्रद्धासुमन अर्पण गर्दछौं ।

जस्तोसुकै शक्तिसँग पनि संघर्ष गरेर राष्ट्र एकिकरणमा सबै जात, सबै धर्म र सबै क्षेत्रका नेपालीको सकृय, सबल र सफल नेतृत्व गरेको शाहवंशीय राजसंस्थाको इतिहास सबैका सामु छर्लङ्ग छ । नेपाली जनताको खुशी र समृद्धिलाई नै आफ्नो रूचि ठान्ने शाहवंशीय परम्परा रहँदै आएको छ ।

बडामहाराजाधिराजको मार्ग निर्देशनको परिधिमा रही, हामीले नेपालीजनको एकता र बृद्धिमा जोड दिंदै आएका थियौं र छौं । तर कालान्तरमा कतैबाट उत्पन्न अवान्छित भ्रमको चपेटामा देश पर्‍यो । झण्डै दुई दशक अघि शान्ति ल्याउँछौं र आर्थिक प्रगति तर्फ देशलाई लैजान्छौं र स्थायित्व दिन्छौं भनेर सत्तामा पुगेका दलहरूको चाहनाअनुसार हामीले "श्रीपेच र राजदण्ड" जनताको नासो जनताकै सुरक्षित संरक्षणमा बुझाई सहयोगी नियतका साथ राजकाजबाट बाहिरै रहेको सर्वविदितै छ । यो दायित्वबाट पलायन वा निषेधित राजनीतिका निम्ति कमजोरीको अनुमोदन थिएन । न त यो भावना आमजनतामा नै थियो । नारायणहिटी राजदरवारबाट हामी बाहिरीएको करीब दुई दशक बित्दा पनि देशले सामाना गरिरहनु परेको संकटले हामीलाई चिन्तित तुल्याएको छ । हिजो देश नबनेकोमा चिन्ता थियो, आज देश नै नबच्ने हो की भन्ने निराशा पैदा भएको छ ।

बडामहाराजाधिराजबाट बाइस बर्षको युवा अवस्था मै शुरू गरिबक्सेको एकिकरणको सफलता पछि आधुनिक नेपाललाई "चार वर्ण, छत्तीस जातको साझा फुलबारी" को रूपमा चित्रण गरिबक्सेको थियो । यो मुलुक राजाको मात्र होइन जनता र राजाको समान स्वामित्वको देश हो भन्ने सन्देश पनि दिइबक्सेको थियो । भाषण अनि जादू वा चमत्कारले यो देश बनेको होइन र बन्दैन पनि । सबैजात, धर्म र क्षेत्रका नेपालीको साझा प्रतिनिधीका रूपमा काम गरेको राजसंस्था, जनताले सुम्पेको जिम्मेवारीबाट विमुख हुनै सक्दैन । सबै नेपालीले या कर्तव्यबोध गरि "पृथ्वी पथ" मा लाग्नु पर्दछ भन्ने हाम्रो धारणा र आह्वान पनि छ ।

नेपाली विश्वमा जहाँ रहेपनि नेपालीमुलको भन्ने नै हुन्छ । त्यसैले राष्ट्रको प्रतिष्ठासँग नेपालीको प्रतिष्ठा पनि सँगै जोडिएको हुन्छ । मुलुक स्थायी वा अस्थायी रूपले छोड्दैमा देशसँगको सम्बन्ध तोडिन सक्दैन ।


देशबाट जनशक्ति पलायन हुँदै जानुले देशको भविश्यबारे निराशाको संकेत दिइरहेको थियो । अब पुँजी र पुँजीपतिहरू तथा कर्मवीर उद्यमीहरूको समेत पलयान हुन थालेको छ । यो क्रमलाई तत्काल निरूत्साहित र नियन्त्रण गर्न सकिएन भने मुलुक असफलताको संघारमा पुग्न सक्ने सम्भावनालाई लिएर हामी आहत भएका छौं । बडामहाराजाधिराजबाट स्वदेशको पुँजी पलायनमा रोक लगाउनु पर्ने पक्षलाई महत्वका साथ जोड दिइबक्सि "जनता सक्षम र बलिया भए मात्र देश बलियो हुन्छ" भनी दिव्य उपदेशमा उल्लेख गरिबक्सेको छ । जब जब युवापुस्ताको भावना, चाहना र आवश्यकताको सम्बोधन गरिदैन तब तब असन्तोष पैदा हुन्छ । जसले विद्रोहको रूप पनि लिनसक्छ भन्ने सत्य, नेतृत्वले हृदयगम गर्नै पर्दछ । नेतृत्वले पटक पटक युवालाई प्रयोग मात्र गर्ने तर उनीहरूको आवश्यकता बुझेर काम नगर्ने प्रवृत्तिले युवामा असन्तोष जन्मेर देशमा जनधनको हानी भयो । जसरी भविश्यका कर्णधारहरूको ज्यान गयो त्यसले सबैलाई स्तब्ध बनाएको छ । युवाहरूमा भ्रष्टाचारप्रति असहिष्णुता र आइटी प्रतिस्पर्धामा अग्रताको जोश देखिनु उज्वल भविश्यको संकेत हुन् तर उन्नतिको गन्तव्यमा राजनीति चुक्यो भने अल्छिको सपना मात्र बन्न जान्छ ।

स्वचालित व्यक्तिले राष्ट्रको हित खोज्दै जान्छ, परिचालित व्यक्तिले अर्काको मित खोज्दै हिँड्छ । राष्ट्रिय सहमति विना निकास खोज्नु समय खेर फाल्नु मात्र हो । सम्मुन्नतिको यात्रामा सबै मिलेर अघि बढौं ।

नेपालको सम्बेदनशील अवस्था र बदलिँदो भूराजनीतिक परिस्थितिलाई बुझ्न नसक्दा हामी मित्रराष्ट्रहरूको विश्वास र भरोसा गुमाउने अवस्थामा पुगेका छौं । असन्तुलित बन्दै गइरहेको परराष्ट्र नीति र व्यवहारले राष्ट्रिय हितमा गम्भीर असर पुगिरहेको समयमा दिव्य उपदेश र बौद्धिक दृष्टिकोणहरूको महत्व अझ बढ्दै गएको छ । कतिपय देशले स्वार्थको लागि कुनै न कुनै सुरक्षा कवज खोज्दछन्, हाम्रो देशको सही छाहरी शान्तीको कवज हुनै पर्दछ । नेपाल निर्माणमा मार्गदर्शी र सेनापति बडामहाराजाधिराजको विरासत र वंशका प्रतिनिधिका रूपमा मेरो भूमिका स्पष्ट रहेको छ । पृथ्वीपथले वकालत गरेको राष्ट्रिय स्वतन्त्रता, सबैतहका भ्रष्टाचारलाई दण्डनीय अपराध मान्ने र कसैप्रति "घाह" नराख्ने शान्तिक्षेत्र नेपाल नै हाम्रा अभिष्ट र मार्गचित्र हुन । जनताको चाहनाबाट "कजाई" निर्धारित हुनुपर्ने परिकल्पना पृथ्वीपथका मौलिक आकांक्षा हुन् । अन्त्यमा, जनता र राजाले एकिकरण गरेर निर्माण गरेको नेपाल राष्ट्रको समग्र हितलाई आत्मसाथ गर्दै सबल राष्ट्र बनाउन महान कार्यमा सबैलाई जुटाउँ र नेपाललाई फेरि उठाउँ । श्री गोरखनाथले हामी सबैलाई सतबुद्धि दिउन् । जय नेपाल !'

**राप्रपाले समेत राजतन्त्रको मुद्दालाई चुनावी मुद्दा बनाउन नसक्नु आश्चर्यको विषय बन्न पुगेको छ ।**



# शंकर लामिछाने स्मृति दिवसमा शंकर सन्दर्भ

शंकर लामिछाने प्रतिष्ठानले ५०औं स्मृति दिवस र प्रतिष्ठानले प्रकाशित गरेको मा **शंकर सन्दर्भ** पुस्तकको परिचर्चा कार्यक्रम सम्पन्न गरेको छ ।



कार्यक्रमका प्रमुख अतिथि पुष्कर लोहनीले दीप प्रज्वलन सहित शंकर लामिछानेको फोटोमा माल्यार्पण गर्नु भएको थियो । कार्यक्रममा प्रतिष्ठानकी कोषाध्यक्ष वरिष्ठ आख्यानकार पद्मावती सिंहले स्वागत गर्नु भएको थियो । चिसो मौसममा शंकर सन्दर्भ पुस्तकबारे परिचर्चा कार्यक्रममा न्यानो स्वागत गरिएको थियो ।

प्रतिष्ठानका अध्यक्ष राधेश्याम लेकालीले कार्यक्रमको उदेश्यमाथि प्रकाश पार्दै शंकर लामिछानेका निबन्धहरूको अङ्ग्रेजी अनुवादको काम सकिएको बताउनु भयो । समालोचक प्रा डा.गोविन्दमान सिंह काकीले पारिजातको सिरिसको फूलको भूमिका शंकर लामिछानेले लेखेकै कारण मदन पुरस्कार पाएको चर्चा सुनेको भन्नुभयो ।

वरिष्ठ समालोचक प्रमोद प्रधानले जबसम्म हामी पाठकका रूपमा स्थापित हुन सक्दैनौं तबसम्म राम्रो लेखक हुन सक्दैनौं । मैले निबन्ध लेख्न बस्दा गोधुली संसार, एबस्ट्याक चिन्तन प्याज, ताना शर्माको बेलायत तिर बरालिदा आउँछ । जस्ले प्रष्ट पहिचान बोकेर हिंडेको हुन्छ, ती साहित्यकारलाई सम्झन्छौं भन्नुभयो ।

शंकर लामिछाने प्रतिष्ठानका महासचिव चर्चित नियात्राकार डा दामोदर पुडासैनी किशोरले निबन्ध र साहित्यमा फरक धारमा आएको लामिछाने जति चर्चा हुनुपर्ने त्यो भएको छैन । राज्यले निबन्धका कोशेढुंगालाई बिर्से जस्तो लाग्छ भन्नुभयो ।

यसैगरी कवि एवम् पत्रकार भुपेन्द्र खड्काले शंकर लामिछाने चेतन प्रवाह शैली नेपाली साहित्यमा भित्र्याउने सर्जक बताए भने वरिष्ठ निबन्धकार श्रीओम श्रेष्ठ रोदनले नेपाली निबन्धका ती धरोहर हुन् जसलाई अन्तर्राष्ट्रिय साहित्यमा पुऱ्याइयो भने नेपाली साहित्यको ओज र गरिमा बढ्ने थियो, सगरमाथा र बुद्ध मात्रै होइन शंकरका निबन्ध र साहित्यबाट नेपाल चिनिन सक्छ । कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ आख्यानकार पुष्कर लोहनीले शंकर को भनेर खोज्नुपर्छ, को हो कुमुदिनी भनेर खोज्नुपर्छ, भूमिका सहित हाइकु शिरीषको फूलमा रहेको छ । त्यस्तो लेख्न सक्ने कोही छ ? माया नं ६५३ कथा पढे पछि शंकर लामिछानेलाई चिन्न सकिन्छ भन्नुभयो । प्रतिष्ठानकी संरक्षक सविता ढुंगानाले सभापतिको आसनबाट धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रमको सहजीकरण कवि यादव भट्टराईले गर्नु भएको थियो । कार्यक्रममा प्रतिष्ठानकी संरक्षक संगीता शर्मा, वरिष्ठ कलाकार मदन्दास श्रेष्ठ, वरिष्ठ इतिहासविद् डा. सुरेन्द्र के.सी., गीतकार शोभित उप्रेती, साहित्यकारहरू हिरण्यकुमारी पाठक, विमल भौकाजी, शरद प्रधान, शंकर भारती, पवन आलोक, कृष्ण प्रसाईं, कृष्ण भुषाल, डा. शशी थापा, सन्तोश श्रेष्ठ, भवानी खतिवडा, सुभाशचन्द्र पौडेल भिमफेदीया, कृष्ण के.सी., राज रजक, अच्युत घिमिरे, बालकृष्ण श्रेष्ठ, पारशप्रकाश नेपाल, प्रविनप्रसाद थपलिया, अलका मल्ल, कुमार कार्कीको उपस्थिति रहेको थियो । शंकर सन्दर्भ ग्रन्थको सम्पादन पारशप्रकाश नेपालले गर्नुभएको हो ।

## विकास होस् नयाँ कथा

**चन्द्रमणि अधिकारी**



**पञ्चचामर छन्द**
वसन्त पञ्चमी, २०८२
अचम, अभिनव व्यास
म्याग्दे, तनहुँ, नेपाल ।

१.
वसन्त पञ्चमी तिथी, धरा भएँ उपस्थित
सदैव शारदा सफा निगाहमा व्यवस्थित
हुनेछ ठान्छु कर्ममा म काव्य साधना गरी
उदारता प्रसन्नता छ गर्न राष्ट्र चाकरी ।
२.
म ज्ञान सिन्धु पौडिएँ, विवेक छालमा पसी
छ काव्य सिर्जना कला गराइने घरै बसी
विनम्रता अझै बढोस् म राख्छु चाहना सफा
उदारता विचारमा विकास होस् नयाँ कथा ।
३.
अनन्त होस् वसन्तको सुवास मुग्ध प्रेरणा
पुकार यो बढी रहोस् घुसाउने छ चेतना
मनोविनोद झाङ्गिने चिथोर्न मास्न भ्रष्ट जो
शनै बढें प्रकाशमा कुरा गरेर प्रष्ट यो ।
४.
रमाइलो हुँदै गयो म भोग्छु कष्ट हण्डर
परे परोस् छ भोगिने रमी सबै बबन्डर
छु आँटिलो हुने अझै म गर्न काव्य सिर्जना
बढारिने सबै भए यथार्थ साथ तिर्सना ।
५.
खुला किताब जीवनी छ साथ मूल्य चाखको
निदान हुन्छ रोगको विधान हो चलाखको
उमा महेश प्रार्थना सभक्ति गर्छु जो सधैं
प्रयास चढ्न हो हुने म टाकुरा शनै शनै ।


# अन्तरमनका तरङ्गभित्र चियाउँदा

विमल अर्यालको अन्तर्मनका तरङ्ग नामक कथासङ्ग्रह दोस्रो पुस्तकाकार कृति हो । उनको पहिलो कृति आवरण नामक कवितासङ्ग्रह हो । यसभित्र प्रायश्चित, उजुरी, लिलाम, दोषी को ?, हजुरबुबा, सम्बन्ध लगायत विभिन्न शीर्षकका ५१ वटा कथाहरू समावेश गरिएका छन् । प्रायश्चित शीर्षकको पहिलो कथामा मानिस भएर मानिसको दुःख बुझ्न सक्ने सच्चा मानिस हो । अरूको जिन्दगीमा खेलबाड गर्ने त राक्षस हो । उसले जिन्दगीको अन्त्यसम्ममा आफ्नो राक्षसी रूपलाई अवश्य चिन्छ अनि रून्छ, कराउँछ, पश्चाताप गर्छ भनिएको छ ।



*अरूणबहादुर खत्री*

उजुरी शीर्षकको कथाभित्र उर्मिला र शान्ति आपसमा गफिँदै सडकको बायाँ किनार भएर अगाडि लम्किँदै हुन्छन् । झन्डै एकै उमेरका सहपाठी उनीहरूको रूपमा सबैलाई आकर्षित गर्ने चुम्बकीय शक्ति छ भनिएको छ । कथाहरू मनोवैज्ञानिक, राजनैतिक र सामाजिक चरित्रका छन्, व्यवहारको कसीमा जाँचेर हेर्दा चरित्र व्यवहारमा रूमलिएको छ, स्पष्ट भन्दा एउटा मनोवैज्ञानिकले झैँ प्रवेश गराएका छन् ।




लिलाम शीर्षकको कथामा कोठा निकै सजिसजाउ छ । आरामदायी कुर्सीमा एक प्रौढ मानिस बिराजमान छन् । उनी बसेको कुर्सी अगाडि ठुलो टेबुलमा फायल र कागजपत्र छन् । उनी हेर्दै गरेको एक कागजलाई टेबुलमा राखेर हरिबहादुरतर्फ दृष्टि दिन्छन् । दोषी को ? शीर्षकको कथामा बतास चलोस् तर पात नहल्लियोस् यस्तो पनि हुन्छ र ! हिमचिम, भेटघाट बढ्दै गएपछि उनीहरूको विषयमा घर परिवारका चर्चा सुरू हुन्छ । अलिअलि गर्दै टोलमा पनि चासो र निन्दाको विषय बन्न थाल्छ ।

कथाकार विमल चारदशक साहित्यिक लेखन र अभियानमा समर्पित छन् । हजुरबुबा शीर्षकको कथामा लेख्छन्- बाजेले ६ जनाको लागि बनाएको घर । हुँदा हुँदा आज चौध जनाको परिवार छ । उनी विगत र वर्तमानको तुलना गर्छन् । उनलाई थाहा छ घर साँघुरो भएको पनि । तर के गर्नु आफ्नो शरीरभन्दा यो घरको माया बढी लाग्छ ।

यस सङ्ग्रहभित्रको सम्बन्ध शीर्षकको कथामा समारोह भव्य थियो । बाटाभरि आउने जानेको ताँतीले नै स्पष्ट झलक दिइरहेको छ । श्रृङ्गार र फेसन विविधताको होडबाजीझैँ लाग्ने चहलपहलले कुनै प्रतियोगिता हुँदैछ कि भन्ने अनुभूति हुन पुग्थ्यो । अलि अगाडि लेखिएका भएकाले केही कथामा समसामयिकता अलि कमजोर पनि छन् ।

समग्रमा भन्नुपर्दा आकारका दृष्टिले यसभित्रका छोटा कथाले पनि व्यापक सन्देश प्रवाह गरेका छन् । कथामा कथानक, चरित्र, परिवेश, दृष्टिविन्दु, जीवनदर्शन, भाषाशैली आदि तत्व समायोजन छन् । उज्यालो शीर्षकको कथामा धेरै वर्ष भएको छैन । करिब करिब पचास/पचपन्न वर्षअगाडि होला, म त्यस्तै ७-८ वर्षको थिएँ । हजुरबुबाले सम्झने कोसिस गर्दै काखमा बसेको नातिलाई मायाले सुम्सुम्याउँदै भन्नुहुन्थ्यो । हजुरबुबा चाडै भन्नुहोस् न आफूलाई कार्टुन हेर्न नपाएर कस्तो बोर भइसक्यो । नाति छटपटाउन थाल्छ ।

बिस वर्षपछिको खुसी शीर्षकको कथामा पहिला पहिलाको जस्तो बिहान टम्म कुहिरो नलागे पनि अलि अलि अवशेष चाहिँ देखिन थालेको छ । झन्डै असोजको २०-२२ गतेसम्म झरी पर्दै थियो भनेर कथाकार विमलले लेखेका छन् । हस्तक्षेप शीर्षकको कथामा राधा पनि आज जोमेशले आफ्नो कुरा नकाटेकोमा दङ्ग पर्दछिन् । अनि हौसिदै भन्न थालिन् हजुरलाई अझ अर्को कुरा थाहै छैन भनिएको छ । दायित्व शीर्षकको कथामा प्रधानाध्यापकको अफिस कोठामा पुग्दा नपुग्दै हरिसर श्यामसुन्दरलाई स्वागत अभिवादन गर्न आइपुग्नुहुन्छ । हरिसरलाई पनि श्यामसुन्दर यस विद्यालयको पूर्वशिक्षक भन्ने थाहा थियो भनिएको छ ।

कथाहरूले पाठकको संवेदनालाई जुरमुराइदिएको पाइन्छ । कथाकार विमलमा घटना टिपेर परिवेशले सिगार्ने खुबी छ । कलम तिखो छ । कथा लेख्ने शैली सरल र बोधगम्य छ । कथामा कौतुहलताको प्रयोग निकै सचेततापूर्वक गरेका छन् । समाजका विभिन्न वर्ग, क्षेत्र, घटना, चरित्र आदिलाई पात्रहरूको उपयुक्त संयोजनबाट राम्रा कथाहरू सिर्जना गर्न उनी सफल छन् । साहित्य लेखनमा डुब्ने लेखकहरू खाली बस्न सक्दैनन् । केही न केही लेखिरहेका हुन्छन् । अन्तमा कथाकार विमल अर्यालको लेखनक्षेत्र थपिदै जान सकोस् भन्न चाहान्छु ।

कथाकार: विमल अर्याल कृति: अन्तर्मनका तरङ्ग विधा: कथा सङ्ग्रह
प्रकाशक: अभिनव साहित्य समाज, गोकर्णेश्वर-५, जोरपाटी, काठमाडौं
मूल्य: रू.३००।- प्रकाशन: २०८२ भदौ

# मुक्तक : तिमी प्यासी बन्दा म पानी बन्नेछु



कसैले खाडीमा काम र दाम खोज्दैछन्
कोही ठोरीमै अयोध्या धाम खोज्दैछन्
लक्ष्मण रेखा काट्न खोज्ने हनुमानहरू
सती साध्वी नारी सीता र राम खोज्दैछन् ।

**- शंकर ज्ञवाली**



धरातल एउटै, वारी र पारीमा भिन्नता किन
सबै समान हो पुरूष नारीमा भिन्नता किन
नेता बाहिर लगाउँछ नारी अधिकारका नाराहरू
भित्र उस्कै घरमा छोरीबुहारीमा भिन्नता किन

**- विकाश कठेत समर्पण**



नफक्रिदै ती कोपिला झर्न दिनुहुन्न
सल्बलाएका भावनालाई टर्न दिनुहुन्न
उठाऔ कलम उतारौं शब्द शब्दरसमा
अन्तरमनका सृजनालाई मर्न दिनुहुन्न ।

**- रामचन्द्र भट्टराई**



दोषहरू देखाउन नहुने भो आजभोलि
अर्ति अनि उपदेशले नछुने भो आजभोलि
दशै दिशा भ्रष्टाचारी लोभी अनि पापी हुँदा
गङ्गा जलले कुनै पाप नधुने भो आजभोलि ।

**- अर्जुन अधिकारी**



आउन सक्छ पछि आँखामा जालो याद गरौं
गोरो पनि भोलि हुन सक्छ कालो याद गरौ
बुढाबुढी भनेर कसैले कसैलाई हेला गर्नु हुन्न
आफ्नो पनि आउँछ वृद्ध हुने पालो याद गरौं ।

**- लक्ष्मी नेपाल**



मौरीको छुटेपछि संगत झिंगाले कता पुऱ्याउँछ
बुझ मुर्खलाई सदा झुटो प्रशंसाले सुऱ्याउँछ
चापलुसीको घेरा बाहिर नजर पुग्न सकेन भने
अन्ततोगत्वा त्यस्ले उस्कै उँचो शिर निहुऱ्याउँछ

**- पुष्पा केसी भण्डारी**




## इलामेलीका सर्जकहरू

काठमाडौंमा बसेका इलामेली सर्जकहरू माघे संक्रान्ति मनाउँदै सम्मानित भएका छन् । सम्मानित हुनेहरूमा लक्ष्मीनाथ शर्मा, धर्म गौतम, कविता आले, बुद्धवीर लामा, सुचित्रा श्रेष्ठ, राजु पिठाकोठे र सूर्य थुलुङ , सांसद सुहाङ नेम्बाङ र पूर्व डिआइजी पिताम्बर अधिकारीलाई पनि सम्मान गरिएको थियो ।

इलाम विकास समाजका अध्यक्ष राधेश्याम लेकाली, सांसद महेश बस्नेत, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, पूर्व सचिव खेमराज नेपाल, समालोचक प्रा। धरणीप्रसाद गौतम, इलाम नगरपालिकाकी उपमेयर विष्णु दाहाल, पत्रकार महासंघका पूर्व अध्यक्ष विष्णु निष्ठुरी लगायतले सम्मानित गर्नु भएको थियो ।

यम बराल, गणेश पराजुली, यशोदा पराजुली, बलराम समाल, डेनी निरौला, कविता आले, सुलोचना श्रेष्ठ लगायतका कलाकारले सांगीतिक प्रस्तुति गर्नुभएको थियो ।

**हरि मञ्जुश्रीको खोज**

## सुरिनाम देशमा शिवमूर्ति



सुरिनाम भन्ने देशमा स्थापना गरिएको शिवमूर्ति र वाटिका हेर्नोस् न कति राम्रो छ ! सनातन वैदिक धर्मावलम्बीहरूले मान्ने देवीदेवताका मूर्ति स्थापना नगरिएका देश अथवा उत्खनन्का क्रममा ती देवीदेवतासँग सम्बन्धित पुरातात्विक वस्तु नभेटिएका देश कुन-कुन हुन् भनेर खोज्नुपर्नेजस्तो छ ।






सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

## बाबुराम बन्न नसकेकाहरूका नाममा

नेपाली राजनीति नेपाली कांग्रेस, एमाले, नेकपा (माओवादी), रास्वपा यति ४ शक्तिका वरिपरि घुमिरहेको छ। फागुन २१ को चुनावमा पनि मुख्य प्रतिस्पर्धा यिनै पार्टीवीच हुनेछ। कांग्रेसले गगन थापा, एमालेले केपी ओली, नेकपाले प्रचण्ड र रास्वपाले बालने साहलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेका छन्। यो आन्तरिक चुनावी प्रतिस्पर्धामा भारत, चीन र अमेरिका प्रवेश गरेको भाष्य प्रचारमा छ। गगन थापा र बालेन साहलाई अमेरिकाले ब्याक गरेको भनिदैछ, केपी ओलीलाई चीनले र नेकपालाई चीन-भारत दुबैको समर्थन छ भनिदैछ। यथार्थमा चुनाव नेपालमा हुँदैछ, नेपाली जनता निर्णायक हुन् र जनमतको निर्णय नै नेपालमा चुनाव जित्ने हार्ने विषय हुनुपर्छ। आजका नेपाली जनता सचेत छन्, बुझकी छन्। यसपल्टको चुनावमा प्रष्टै पार्टीको गठबन्धन नभएकाले मासुभात, खर्चपानी, बाहुबलीले नतिजा निर्णयमा पुग्ने देखिदैन। नेपाल प्रहरी, सशस्त्र, डेढलाख म्यादी प्रहरी र ८० हजार सेनाले सुरक्षा दिएर हुने यो निर्वाचन स्वच्छ, धाँधलीरहित र स्वतन्त्र रूपमा हुनसक्ने विश्वास बढेर गएको छ।

यसैवीच बुढाहरू अझै चुनावी मैदानमा उत्रनुले हिंसा हुने खतरा छ। सबै नयाँ पुस्तालाई राजनीति पुस्तान्तरण गर्ने रूपमा चुनाव हुनसकेको भए यसको अर्थ र औचित्य, लोकतन्त्रको महत्व अझ बढ्ने थियो। मर्नेबेलासम्म पनि सत्ता, शक्ति, सम्पत्तिमा ऱ्याल काढ्ने नेताका कारण भ्रष्टाचार, नेपोटिजमको अन्त्य, सुशासनको सुरूआत नहुनसक्ने देखिन्छ। बुढापुराना नेताहरू जो जनताको नजरमा आलोच्य छन्, तिनीहरू राष्ट्रिय अभिभावकका रूपमा बसिदिएको भए यो निर्वाचन ऐतिहासिक नै हुनेथियो।

जेनजी पुस्ताको हस्तक्षेपले कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका नै ध्वस्त पारिसकेपछि यो चुनाव हुँदैछ। आफ्नो नेतृत्वप्रति नयाँ पुस्ता आश्वस्त छैन भनेर बुझेर स्थापित नेताहरूले विश्राम नलिनु यो निर्वाचनको सबैभन्दा दुर्भाग्यपूर्ण परिदृश्य हो। बुढा पुरानाले आत्ममिमांसा गरेनन्। डा.बाबुराम भट्टराईले प्रगतिशिल लोकतान्त्रिक पार्टीबाट गोरखा २ मा उमेदवारी दिए, फिर्ता लिए। उनको प्रष्टोक्ति छ- देशकै अभिभावकीय भूमिका निर्वाह गर्न चुनावी प्रतिस्पर्धाबाट बाहिरिएको हुँ। बाबुराम भट्टाक्षएदृ २०७९ को चुनावमा यो क्षेत्र माओवादी अध्यक्ष प्रचण्डका लागि छोडेका थिए, प्रचण्डले जितेको क्षेत्र हो यो। उमेदवारी दिइसकेपछि बाबुरामको विवेकको बिर्को खुलेछ, धेरैले दिएको सुझावलाई मन गरेछन् र सत्य आत्मवोध गर्दै उमेदवारी फिर्ता लिए। उनले फेरि पनि भनेका छन्- 'मैले एउटा संसदीय निर्वाचनमा सहभागी भएर सांसद मात्रै रहेर रहनुभन्दा सबै साथीहरूको आग्रह बमोजिम, चाहना बमोजिम, मैले बाहिर रहेर नै दलहरूलाई सघाउने र भोलि आवश्यक पर्दा एउटा देशकै विभिन्न रूपको अभिभावकीय भूमिका निर्वाह गर्नु उपयुक्त हुन्छ भन्ने ठानेर मैले आज, मैले जुन मनोनयन पत्र दर्ता गरेको थिएँ, त्यसलाई फिर्ता लिने निर्णय गरेको छु।'

भनिन्छ, यो क्षेत्रमा तत्कालीन माओवादी र हालको नेकपाबाट लेखनाथ न्यौपाने लड्दैछन्। म लड्छु, लेखनाथलाई ब्याक गराउन सहयोग माग्दा प्रचण्डले इन्कार गरेपछि बाबुराम चुनावबाट ब्याक भएका हुन्। यसअघि रास्वपाका उपसभापतिले रास्वपाको अभिभावक बन्न सुझाव दिएका थिए। यो क्षेत्रमा रास्वपाको उम्मेदवार छन् कविन्द्र बुर्लाकोटी। बाबुराम बन्न नसकेकाका नाममा अब जनताले निर्णय दिनेछन्।

# विवेकहीनहरू समयको पदचाप सुन्दैनन्




समय परिवर्तनशील छ। समयले ल्याउने परिवर्तनभन्दा छिटो समाज परिवर्तन गर्ने माध्यम हो राजनीति। राजनीतिले दिनुपर्ने र समाजले अपेक्षा गरेको परिवर्तन नपाएपछि असन्तुष्टि बढ्छ। अझ समाजका हकाधिकार राजनीतिकर्मीले खोस्न थालेपछि बिद्रोहको आगो सल्किन्छ। ०३६, ०४६, ०६३ मा भएका आन्दोलन जनबिद्रोह नै थियो। त्यो बिद्रोहले परिवर्तन ल्यायो तर जुन जुन अपेक्ष थिए, ती अपेक्षा पूरा भएनन्, र २०८२ भदौ २३ को जेनजी आन्दोलन भएको हो। त्यो आन्दोलनमा राज्यदमन भयो, जेनजीपुस्तालाई गोली ठोकेर मारियो र भदौ २४ को बिद्रोह हुनपुगेको हो। यसको जिम्मेवार राज्य हो, राज्यपद्धति हो, राजनीतिक नेतृत्व र भ्रष्ट प्रशासन हो। तथापि यसको जिम्मेवारी कसैले लिएनन्। जवाफदेही कोही हुन सकेनन्।

०४६ सालमा बहुदल आयो, असफल भयो। ०६३ सालको परिवर्तन, ०६५ सालको गणतन्त्र कार्यान्वयन पनि भदौ २३, २४ मा खरानी हुनपुग्यो। एउटा पार्टी, एकजना नेता पनि लोकतन्त्रको मैदानमा उभिन सकेनन्। देशैभरि आगो बल्यो, धुवाँ नै धुवाँमा रूमल्लियो देश। लोकतन्त्र किन बाँदरको हातमा नरिवल भयो ? नेपाली राजनीतिको निधारमा टाँस्सिएको यक्ष प्रश्न हो यो। यो सवालको जवाफ नखोजेसम्म, लोकतन्त्र सफल हुनसक्दैन।

राजनीति विभेद, निषेध, प्रतिषोधमा नै रमाइरह्यो र असन्तुष्टि बिस्फोट हुनपुग्यो। फागुन २१ को चुनावले जवाफ पहिल्याउनु पर्ने सवाल पनि यही हो।

पोहर मरिन सासु, अहिले आयो आँसु। नेता र दलहरूमा आँसु त छल्केको छ। तर आफ्नै निधारमा जेनजी पुस्ताले तातो त्रिशूलले साँढे डामेजसरी भ्रष्टाचारी, कूशासक, अपराधी, नैतिकहीन भनेर डामेको डामको ओखती मूलोले निको नपारेसम्म यो चुनावले पनि कुनै लछारपाटो लगाउला भनेर विश्वस्त हुनसक्ने आधारहरू देखिदैनन्।

एकथरि भन्छन्- विदेशी हस्तक्षेप र आन्तरिक राजनीतिक विफलता, लोकतान्त्रिक गणतन्त्रको असफल हुनुको कारण हो। विदेशी हस्तक्षेप कारक हो भने यो कारकलाई निस्तेज पार्न लोकतान्त्रिक नेताहरू किन असफल भए ? आन्तरिक बिफलता हो भने संवाद, सहमति र सहकार्यमा पार्टीहरू किन लागेनन् ? दोष अन्यत्र पन्छाएर पानीमाथिको ओभानो बन्न सकिदैन। बहुदल र लोकतन्त्र असफल हुनुमा यो अवधिका शासक प्रशासक जिम्मेवार छन्, तिनले जवाफदेही लिनैपर्छ। काम नगर्ने शासक, प्रशासकले विदेशीलाई दोष दिनु अकर्मण्यता हो। आफ्नो थैली नकस्ने, अरूलाई चोरदोष लगाउनुको के अर्थ ?

जेनजी आन्दोलनको जरो शासक, प्रशासकको अनैतिकता थियो। सामाजिक सञ्जालको प्रतिवन्धपछि परम्परा बनिसकेको नेपोटिजम, गैह्रजिम्मेवारी, नैतिकहीनता, अपारदर्शिता, भ्रष्टाचारको बिगबगी र कुशासनको अन्त्य खोजेका थिए जेनजी पुस्ताले। रोग पत्ता लगाइदिएका हुन् जेनजी पुस्ताले। उपचार गर्न सहज भएको छ। यसका लागि के कस्ता उपचार विधि अपनाउनु पर्ने हो ? अझै पनि राजनीतिक र प्रशासनिक क्षेत्र चुनौती संवोधन गर्ने र उपचारमा उदासीन छ। जेनजी पुस्तालाई धन्यवाद दिएर अघि बढ्नु पर्नेमा उही बहुला ताल, उही राजा निरोको कथा जस्तो पारा।

जेनजी पुस्ताले पद्धति नै खरानी बनाइदिएका हुन्। यसबाट शिक्षा लिने र आगामी दिनलाई उज्यालो बनाउनेतिर नीतिनिर्माता, विचारक, राजनीतिज्ञ र प्रशासकहरूको ध्यान गएजस्तो लाग्दैन। असफल नेताहरू प्रायोजित, नियोजित थियो जेनजी आन्दोलन भने पनि र केही कूटनीतिक प्रतिक्रिया सुनिए पनि यथार्थमा कुनै विश्वसनीय प्रमाण छैन बाह्य हस्तक्षेपको। आन्तरिक राजनीतिक बिफलता र नागरिकमा बढेको असन्तुष्टि नै कारक थियो। सत्य यही हो।

आफूलाई सहज लाग्ने र आफै जान्ने पल्टन पाइने भएकाले केही टिप्पणीकार, विश्लेषक र नेताहरूसमेत बाह्य हस्तक्षेप देख्छन्। सरकार ढल्यो कि विदेशी हस्तक्षेप देख्ने रेडिमेड चस्मा लगाएकाहरूले जेनजी पुस्ताको आन्दोलनलाई पनि विदेशी शक्तिहरूको चलखेल नै देखेका छन्। स्कूल बालबालिकाको तालुमा, छातीमा, कन्चटमा गोली हान्ने सत्ताका खेलाडीहरूमाथि कसैले प्रश्न उठाएका छैनन्। जब बालबालिकाको रगत बग्यो, ज्यान गयो, त्यसपछि सल्केको हो ढडेलो। आगो झोस्ने सत्ता, कसैले जिम्मेवारी नलिने, लोकतन्त्रका लागि कोही नउभिने अनि बाह्य हस्तक्षेप, घूसपैठ भन्ने ?

अस्थिरता र अराजकताका कारक राजनीतिक र प्रशासनिक नेतृत्व हो।

जबदेखि एमसीसी संसदबाट पास भयो र कार्यान्वयनमा गयो, घूसपैठको तीर अमेरिकातिर सोझ्याउने गरिएको छ। एमसीसी मूलतः माओवादीले अमेरिकासँग मागेको हो, अमेरिकाले लादेको होइन। जब अनुदान दिन्छ भने अनुदानसँग उसका स्वार्थहरू गाँसिएर आउँछन्। नेपालको हितमा थिएन भने किन मागेको, राष्ट्रघाती थियो भने संसदबाट किन पास गरेको ? यसको दोष सिङ्गो संसदले लिनुपर्छ। नेपालको हितमा उभिन नसक्नु जनप्रतिनिधि र प्रशासकहरूको ह्याउ नहुनु हो।

हो, अहिले पनि हजारौं एनजीओ, आइएनजीओ कार्यरत छन्। यिनकै माध्यमबाट सर्वोच्च अदालत, संसदसम्म लगानी भएका छन्। राज्य र आइएनजीओलाई चीन, भारत, युरोपियन युनियन र अन्य मुलुकले पनि विकासदेखि बिकृति बिसंगति सुधारका नाममा लगानी गरिरहेकै छन्। घाँटी हेरेर हाड निल्ने गरी नियम बनाउने र नियमन गर्ने काम व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाको हो।

सर्वत्र राजनीतिकरण, राजनीतिक अपराधिकरण, व्यक्तिगत स्वार्थ, परिवारवाद, व्यभिचार भएपछि आफ्नो आङ्मा कहाँ भैंसी देखिन्छ र ? यो गञ्जागोलमा भूराजनीतिक संवेदनशीलता देखिदैन, देखिने विदेशी शक्तिको प्रभाव नै हो। यसैलाई भनिन्छ, दोषी चस्मा।

राजस्व नियमित खर्च धान्न नसक्नेको विकास सम्भव हुँदैन। राज्यसञ्जाल चलाउने रेमिटान्स र बाह्य दान, ऋणबाट। वार्षिक तैयार हुने ५ लाख युवाका लागि ५ हजार रोजगारी सिर्जना गर्ने योजना छैन, भएका उद्योग बन्द गर्ने वा बेचीखाने, जता पनि ट्रेड युनियन चलाउने, अनि राजनीतिक अस्थिरता, प्रशासनिक अराजकता बढ्नु स्वभाविक हो। यसकारण भोट लिन जतिसुकै परिवर्तनको नारा लगाए पनि केही युवाको नयाँ नेतृत्व देखिने बाहेक फागुन २१ को निर्वाचनले पनि स्थिरता ल्याउन सक्दैन, जुन ढाँचाकाँचा देखिएको छ, कामकाजको शैली, संस्थागत मजबुती फेरिन सक्दैन। नेपाल डिजिटल युगमा कछुवा चालमा छ, यो चाल बदलिदैन।

कथा दोहोरिने छाँट छ।

चाहिएको युवा पुस्ता हो। पुस्तान्तरण। सुधारवादी पुस्ताले ल्याउने सुशासन शैली हो। भ्रष्टाचारको न्यूनिकरण र विकासको गति हो। भार बनेको संघीयताको खारेजी, संवाद-सहमति र सहकार्य हो। समानता, जवाफदेहिता, पारदर्शिता, योग्यता, दण्ड र पुरस्कारको परम्परा हो। यसका लागि कुनै पनि राजनीतिक शक्तिलाई निषेध गरिनै हुन्न। राजतन्त्र र हिन्दुत्वलाई पनि समेट्नैपर्छ। घरेलु प्राथमिकता कता हो कता, बाह्य जगतलाई दोष दिनुले चेक एण्ड ब्यालेन्स असम्भव छ।

चुनाव जति जति नगिचिएको छ, उति उति उत्तर र दक्षिण सकृय भएका छन्। पश्चिम र युरोपियन युनियन आँखा, कान र मुख थुनेर बस्न सक्दैन किनकि नेपालको भूबनोट नै विश्वशक्तिको प्रतिस्पर्धामा रणनीतिक क्षेत्र हो। राजनीतिक दल र नेताहरू चुनाव जित्ने स्वार्थ, सत्तामा पुग्ने अवसर र पुगेपछि टिक्ने दाउका लागि राष्ट्रिय स्वार्थ, सार्वभौमिकताका विषयमा बोल्न चाहँदैनन्, जिब्रो थिचेर बस्छन्। यो विषय सबैभन्दा डरलाग्दो स्वराजको साँचो खुस्कने विषय हो। ***माधव घिमिरेले लेखेझैं नेपाली कहाँ रहौंला हामी नेपालै नरहे*** भन्ने विषय नेताहरू कहिले मनन नै गर्दैनन्।

२०६३ को परिवर्तनपछि ओली चीनपक्ष, प्रचण्ड भारत-चीन दुबै पक्ष, देउवा पश्चिमा पक्ष भनेर चिनिन्थे। भारतको दबाबमा उसलाई सिधै लगानी गर्ने अवसर नेपालमा छ। चीनको दबाबमा भारत र अमेरिकीले नचाहने विषयमा पहुँच दिने गरिएको छ। अमेरिकाको दबाबमा एमसीसी पास गरियो, सैनिक स्ट्राटेजीमा समेत नेपाल संलग्न हुन मञ्जुर भएको भन्ने छ। राष्ट्र संघमा असंलग्न नेपाल युक्रेनको पक्षमा समेत उभिन पुग्यो। अर्थात् नेपालको परराष्ट्रनीति डोलायमान हुनपुगिसक्यो।

परराष्ट्रनीतिमा नेपाल दोछायाँ दोछायाँमा परिसक्दा नेपालको अवस्थिति ग्रेलिस्टबाट फेल स्टेटमा पुग्न पुग्न लागिसकेको छ। यसको जिम्मेवार नेपालको राजनीतिक असफलता हो, बाह्य हस्तक्षेप होइन।

अहिले चुनाव आउँदैछ। चुनाव हार्ने डर भएका नेता र पार्टीहरू भदौ २३, २४ को युवा बिस्फोटलाई विदेशी प्लट भन्छन्। अन्तरिम सरकार र सरकारमा पुगेकाहरू सबैलाई अमेरिकन लेबल लगाइरहेका छन्। कांग्रेसमा बिद्रोह भयो, यो पनि बाह्य प्रायोजन, डीप स्टेटको प्रभाव भन्ने आरोप लगाउँछन्। आम नागरिक असन्तुष्ट छन्, हातमुख जोर्ने समस्यामा छन्, देश आर्थिक, राजनीतिक, सामाजिक कडीहरू खुस्किदै गएको छ। यसको सम्पूर्ण जिम्मेवार भ्रष्ट राजनीतिक संस्कृति हो।

देशका सबै बिकृति, समस्याको जड राजतन्त्र हुनु हो भन्ने मान्यता राख्नेहरू दुई दशकको समयमा आफै समस्या हुन् भन्ने प्रमाणित नै भइसकेका छन्। यसकारण थिङ्क टेङ्कहरू, विवेकी बोल्न थालेको सुनिन्छ- राजतन्त्रले स्थिरता, निष्पक्षता, साझा पहिचान, विविधतामा एकता, समान अवसर, न्यायपूर्ण समाज, सन्तुलित परराष्ट्रनीति र सार्वभौकिताको रक्षा गर्नसक्छ।

यति हुँदा पनि राष्ट्र र राष्ट्रियता, शान्ति र समृद्धिका लागि सर्वपक्षीय संवाद, सहमति र सहकार्यका लागि कोही तैयार छैनन्। चुनाव हुनेछ, यो चुनावले पनि आन्तरिक संकट समाधान गर्न सक्नेछैन। त भदौ २३ र २४ गते जुन प्रकारको असन्तुष्टिको ज्वालामुखी फुट्यो, त्यस्तो डढेलोको धराप कायमै रहने भयो।

नेपालीमा उखानै छ- बाँदरको हातमा नरिवल। बाँदरको पुच्छर लौरो न हतियार। आगामी फागुन २१ को चुनाव पनि त्यस्तै हुने लक्ष्यण चुनाव प्रचारमै देखिन थालिसकेको छ।






विश्लेषण

# यहाँ यस्तै छ

**नारायणप्रसाद मिश्र**



आजभोलिको युट्युब र टेलिभिजनको युगमा अर्थात सबैकुरा दृश्यमा प्रसारित र देख्न पाइने युगमा, हामी जुनसुकै बेला जो-कोहीलाई देख्न र सुन्न सक्छौँ– गायकहरू, आध्यात्मिक गुरूहरू, विश्व नेताहरू, विश्लेषकहरू र आफ्नै राजनीतिक महारथीहरू । उनीहरूका क्रियाकलाप, स्वर, भाषण, हाउभाउ पर्दामा देख्छौ, सुन्छौं । यिनीहरू मध्य कसै कसैले आनन्द दिन्छन् मन शान्त पार्छन्, कसैले प्रेरणा पनि दिन्छन्, कसैले मनोरञ्जन पनि दिन्छन् भने धेरैले भने झन उदासी र दिक्दार पनि बनाउछन् । तर यस्ता मध्य कतिपयको भाषण सुन्दा प्रस्तुति धेरै प्रशंसनीय राम्रो लागेपनि ब्यक्ति आफै पर्दा पछाडि निन्दनीय चरित्रका पनि हुन्छन्– जसले सुन्नमा महान् लाग्ने कुरा गर्छन्, तर जीवनमा आफ्नै शब्दहरूको विपरीत आचरण गर्छन् ।

मेरो जीवनको आठ दशक भन्दा बढी अवधिको अवलोकन र अनुभववाट हाम्रो देशका धेरैजसो नेता र प्रशासकहरूको देश प्रेम, इमान्दारिता र जनसेवा भाषणमा मात्र सजिएको तर व्यवहारमा बिल्कुलै नभएको महसूस गरेको छु । तिनीहरूको इमानदारी सेवा र निस्वार्थताको शब्द बाक्य मञ्च र प्रवचनमा गुञ्जिएपनि शक्ति हात पर्दा व्यबहार र क्रियाकलापमा ती सबै प्रशंसनीय शब्द वाक्यहरू स्वार्थ र छलमा विलीन हुने गरेको कटू सत्य पनि देखिआएको छु । भोगिआएकोछु । जुनकुरा जनताको दु:ख पीडा र मुलुकको दुरावस्थाले नै सबैलाई प्रस्ट्याउँछ ।

**भाषण राम्रो, काम सून्य**

दशकौँ अघि मैले 'सबै ज्ञानी नेपालमै हुन्छ' शीर्षकको एक कविता लेखेको थिएँ, जुन २०४१ साल फागुन १८ गते (March 1, 1985) नयाँ नेपालपोस्टमा प्रकाशित भएको थियो । त्यो कविता बहुदलीय लोकतन्त्र आउनुअघि, नेपाल गणतन्त्र बन्नु त धेरै अघि नै लेखिएको हो । त्यतिबेलै पनि मैले हाम्रो देशका प्रधानमन्त्री, मन्त्री र क्रान्तिकारी भनाउँदा नेताहरू समेत–सबैजसो अब्राहम लिंकनको वाक्पटुता र महात्मा गान्धीको दया, माया, प्रेम र करूणापूर्ण मिठो प्रभावशाली भाषा र शैलीमा बोल्न सक्ने, तर आफ्नै ज्ञानलाई व्यवहारमा कहिल्यै नउतार्न अनुभव गरेको थिएँ । आजभोलि त यो कुराको सीमानै छैन । साम्यवाद, प्रजातन्त्रबाद र समाजवादका हाम्रा नेताहरूका भाषण सुन्दा यी सबै बादहरूका सबैोत्कृष्ट नेताहरू सबै नेपालमै रहेको भान हुन्छ । तर नेपालको स्थिति र नेपाली जनताको दयनीय स्थिति हामी कसैबाट छिपेको छैन । हालको समयमा उक्त कविता झन सामयिक लागेकोले यहाँ प्रस्तुत गरेको छु ।

सबै ज्ञानी नेपालमै हुन्छ  
यो माटोको गुणै यस्तो  
यहाँ इमान र विवेक  
भाषणमा मात्र हुन्छ  
यहाँ निस्वार्थ र सेवा  
बोलाइमा मात्र हुन्छ  
पसीना र परिश्रममा  
केही नभए पनि  
यहाँ मान्छेको अन्तरवार्तामा  
धेरै कुरा हुन्छ  
यहाँ एकभन्दा अर्को ठूलो  
वुद्ध हुन्छ, गान्धी हुन्छ, मार्क्स हुन्छ  
खोजी हेर  
हाल ओइरिएका अन्तरवार्ता  
यो विश्व ब्रम्हाण्डका ज्ञानी प्रवुद्धहरू  
यो तपोभूमि नेपालमै हुन्छ ।

हाम्रो देशमा वाक्पटु वक्ताहरूको कहिल्यै कमी महसूस भएन, तर ज्ञानी, प्रबुद्ध, सत्यवादी र कर्मयोगीहरूको अभाव भने सधै रहेको महसूस हुन्छ । आजभोलि युट्यूवमा अनगिन्ति नेता, कार्यकर्ता, समाजसेवी, विश्लेषक, ज्योतिष, भविष्यबक्ता, देवी, माता, बिशेषज्ञहरूको भाषण प्रवचन, प्रस्तुति, विश्लेषण देखिन्छन् । यिनीहरू मध्य कतिले बिश्वका ख्यातिप्राप्त राजनेताहरूलाई पनि उपदेश दिन खोज्छन् । यिनीहरूको बोलाई एकछिन पन्छाई ती बोलाई अर्थात प्रवचन भाषणबाट केही फल प्राप्त भएको बा नभएको हेर्दा प्राय: हातलाग्यो सून्य भनेजस्तै देखिन्छ । धेरैजसोको हावादारी कुरा भन्ने जस्तो । जो कसैको बोलाई र वास्तविक क्रियाकलाप, काम गराई हेरियो भने हाम्रो देश कर्मको कार्यशाला होइन, शब्द बाक्यको मात्र रंगमञ्च बनेको भान हुन्छ । अर्थात बोलाइ बमोजिम फल दिने संख्या हातको औलामा गन्न पनि हुँदैन ।

**जहाँ इमानदारितानै दुर्भाग्यको कारण बन्छ**

मेरो लामो सार्वजनिक सेवा र लेखन यात्रामा मैले देखेको छु– हाम्रो देशमा बेइमानले होइन साधारणत: इमानदारले सजाय पाउँछन् । मेरी प्रिय दिवंगत पत्नी शान्ति मिश्र र मैले नेपालको उच्च शैक्षिक संस्थाको इमान र प्रतिबद्धताका साथ निर्माणमा टेवा र सेवा गर्रुयौं– उनी नेपालकी पहिलो र सबभन्दा ठूलो विश्वविद्यालय अर्थात त्रिभुवन विश्वविद्यालयकी पहिलो पूर्णकालीन महिला प्राध्यापक तथा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयकी संस्थापक निर्माता प्रमुख पुस्तकालयध्यक्ष र म सोही विश्वविद्यालय सेवा आयोग कार्यालयका प्रमुख, शैक्षिक प्रशासक, लाइब्रेरियनको रूपमा पनि कार्यरत थियौं । हामी दुवै सत्यलाई सत्य र असत्यलाई असत्य भन्ने र हामीलाई लागेको सत्य कसैलाई अप्रिय लाग्ने स्थितिमा पनि सत्य नबङग्याई सत्यनै बोल्ने र लेख्ने स्वभावका थियौं । तर चाकडीलाई पुरस्कार दिने र सत्यतालाई दण्ड दिने हाम्रो मुलुकको संस्कृतिमा, सत्यलाई स्वयं विद्रोहको रूपमा लिने हाम्रो संस्कार रहेछ । हाम्रो कार्यक्षेत्र र जिम्मेवारी भित्रको हाम्रो कामकाजमा हाम्रो योग्यता, दक्षता, सक्रियता, इमान्दारिता र निष्ठामा महाशत्रुले पनि प्रश्न उठाउने आधार जरूर भेटिन्दैन । हामी हाम्रो दायित्व पूरा गर्न असफल भएकाले होइन, अत्यन्त निष्ठापूर्वक आफनो कर्तब्य पूरा गरेकाले मुलुकमा रहेको संस्कार विरूद्ध बिद्रोहीमा दर्ज हुनगई किनारामा पारियौं । व्यक्तिको रूपमा हामीले भोगेको अनुभव नै हाम्रो राष्ट्रमा आज पनि समस्त नेपालीले भोगिरहेकाछन् - जहाँ योग्य, दक्ष र स्वाभिमानलाई बिद्रोहीको रूपमा लिई धकेल्ने, मिल्काउने गरिन्छ, चाकडी चाम्लुसी र अन्धो आज्ञाकारितालाई सम्मान दिइन्छ र गरिन्छ र शक्तिको पदमा पुग्ने चाटुकार आज्ञाकारीहरूले इमानदार श्रमिकको आवाज दबाउँछन् । विश्वविद्यालयका २२ जना उच्च अधिकारीलाई जबरजस्ती अवकाश गराउने एक पूर्व उपकुलपति आज नागरिक समाजका ठूलो नेता र लोकतान्त्रिक नेताको रूपमा Gen Z को विद्रोहवाट बनेको सरकारवाट पनि सम्मानित र पूजित भइरहेका छन् । अजब र गजबको हाम्रो मुलुकको यो संस्कार र संस्कृति अझै कति दशक मात्र होइन कति युग युग सम्म चल्ने हो थाहा छैन ।

**शासन प्रशासन र चाकडी, चाम्लुसी**

२०३९ साल असोज ६ गते ( October 22, 1982) मैले 'यहाँ यस्तै छ' शीर्षकको अकी कविता लेखेको थिएँ, जुन नयाँ करेन्टमा प्रकाशित भएको थियो । यसले देशको सरकार, शासन, प्रशासन सरकारी कार्यालयहरूमा व्याप्त चाकडी चाप्लुसी, भ्रष्टाचार र ढोंगलाई चित्रण गरेको छ । हाम्रो मुलुकमा यस कवितामा चित्रित बिकृतिको सकली रूपको अनुभव र अनुभूति आजको नेपालको वर्तमान स्थितिले झन बढी स्पष्ट रूपले गराएको छ भन्ने मलाई लागेको छ । यसैले उक्त कविता तल प्रस्तुत गरेको छु ।

**यहाँ यस्तै छ**

यहाँ यस्तै छ  
हिजो पनि, आज पनि  
यहाँ यस्तै छ  
खाने र खुवाउनेमा  
दक्षताको जाँच छ  
रक्सी र छोयलामा  
मित्रताको नाप छ  
चाकडी र चाप्लुसीमा  
विश्वासको छाप छ  
नाता र नजरानामा  
योग्यताको राप छ  
हिजो पनि, आज पनि  
यहाँ यस्तै छ  
यसैले यहाँ भनसून छ ।  
थोरैलाईमात्र पोषण छ  
इमानले अडिग जागीर  
न तेरो छ, न मेरो छ  
यसैले यहाँ  
पिउने र पिलाउनेमा  
सब मस्त छ  
खाने र खुवाउनेमा सब व्यस्त छ  
यहाँ यस्तै छ, यस्तै छ ।

मैले सन २०२२ को निजामती सेवा दिवसमा प्रधानमन्त्री शेरबहादुर देउबाले दिनु भएको नेपालका सरकारी कर्मचारीहरूको निस्कृयता र गैरजिमेवारीपन चित्रित एक भाषण पढेंको थिएँ– जहाँ उहाँले 'सरकारी कर्मचारीहरू कार्यालय जान्छन्, हाजिर गर्छन् र फर्किन्छन् ।' अर्थात काममा ध्यान दिदैनन् भनेर दु:ख व्यक्त गर्नुभएको थियो– म उहाँका शब्द बाक्य भन्दा त्यसमा लुकेको विडम्बना बढी सम्झिन्छु । मैले चालीस वर्षअघि कवितामा लेखेको माथिको स्थिति यहाँ आज पनि जस्ताको तस्तै छ । यसलाई सुधार्ने शक्ति उहाँ र उहाँका अनुयायीहरूसंग जरूर थियो । उहाँ पछिका सबै प्रधानमन्त्रीहरूमा थियो । सरकारमा गएका नेता भनाउँदाहरू सँग थियो र छ । तर यो स्थिति आजसम्म कसैले पनि नसुधारेको मात्र होइन, झनझन् अधोगतिमा पुऱ्याएका छन् । यो देशको विडम्वना यस्तै छ ।

दु:खद कुरा के हो भने कर्मचारीतन्त्र र कर्मचारीयन्त्र मात्र भ्रष्ट र निस्कृय होइनन् । हाम्रो मुलुकमा यसलाई चलाउने राजनीतिक नेतृत्व बढी भ्रष्ट, निस्कृय र दोषी छ । मैले सन् २०२२ मा People's Review मा एक लेखमा लेखेको थिएँ ।

'अख्तियार दुरूपयोग अनुसन्धान आयोगसहित कुनै पनि संवैधानिक निकायहरू राजनीतिक हस्तक्षेपबाट मुक्त छैनन् । यही हाम्रो शासन प्रशासनमा भइरहेको कुप्रबन्ध, बेथिति र भ्रष्टाचारको मूल कारण हो ।'

'एक समय राज्यको मेरूदण्डका रूपमा स्थापित निजामती सेवा आज चाकडी, चाम्लुसी, पक्षपात, घूस र मनोबलहीनताले थिचिएको कुरा एक राजनीतिक ऐना जस्तै बनेको छ ।'

**राजनीति र निरपेक्ष प्रशासन**

राष्ट्रपतिको पद सम्हाल्ने बित्तिकै अमेरिकी राष्ट्रपति जो बाइडेनले सन् २०२१ मा विदेश मन्त्रालयका पदाधिकारीहरूलाई सम्बोधन गर्दै आफ्ना कूटनीतिज्ञहरूलाई भनेका थिए: 'म तपाईंहरूको विशेषज्ञताको कदर गर्छु र तपाईंहरूको सम्मान गर्छु । यो प्रशासनले तपाईंहरूलाई राजनीतिकरण गर्ने होइन, तपाईंहरूको काम गर्न सशक्त बनाउनेछ ।'

यी केही शब्द बाक्यहरूमा राष्ट्र प्रमुख र सरकार प्रमुखले सुशासनको लागि कर्मचारी सयन्त्रमा राखिनु पर्ने विश्वास, सम्मान र राजनीति मुक्तताको वलियो धारणा स्पष्ट झल्किन्छ । जबसम्म नेपालले आफ्ना कर्मचारीहरूलाई राजनीतिक हस्तक्षेपबाट जोगाउन सक्दैन र चाकडी गर्नेहरू होइन, इमानदार कर्मचारीहरूलाई पुरस्कृत गर्न सक्दैन, तबसम्म हामी पतनको उही चक्रमा घुमिरहनेछौं ।

**साहित्य, समाज र जीवन**

म सधैं विश्वास गर्छु– साहित्य जीवनबाट अलग हुनु हुँदैन, यो जीवनको प्रतिबिम्ब बन्नुपर्छ । त्यसैले मैले जनवादी साहित्य लेखें– जनताका वास्तविक जीवन र संघर्षमा आधारित प्रगतिशील साहित्य । 'सह-सचिव शर्मा ( समाज, २०३६ चैत्र १८) 'उसलाई अफिस जान मन छैन' (समाज, २०३९ असोज २) उसको चाकडी गर्ने ढङग भएन । (समाज २०३९ कार्तिक १) र हालै २०८२ साल कात्तिक ९ गते (October 26, 2025) गोरखा एक्सप्रेसमा प्रकाशित 'उसलाई आफ्नै देशमा बाँच्न सजिलो लाग्दैन'जस्ता मेरा कथाहरू केवल कल्पना होइनन् । हाम्रो जीवन र शासन प्रशासनका यथार्थका चित्रहरू हुन् ।

आज, जब म आफ्ना कविता, निबन्ध र प्रशासनिक कथाहरू फर्केर हेर्छु, म त्यसमा शब्द बाक्य मात्र होइन–एक राष्ट्रको इतिहासको अभिलेख देख्छु । यसै सन्दर्भमा म मेरी प्रिय पत्नी शान्ति मिश्रलाई सम्झन्छु– अनि म महिला आयोग लगायत बिभिन्न निकायहरूले उनलाई एक युरोपियन मुलुकको राजदूत पदका लागि सिफारिस हुँदा राजा ज्ञानेन्द्रको शासनकालमा राजदरबारबाट बिश्वास र निगाह प्राप्त हुन नसकी राजदूत हुन नसकेकी र त्यो बेला सो ठाउँमा अर्कै एक विश्वासपात्र राणा बाबुसाहेवलाई निगाह भएको र नियुक्त गरेको कुरा सम्झिन्छु- साथै नेपालमा योग्यता दक्षता, योगदान भन्दा आफन्तबाद, जातीबाद, नाताबाद, कृपावाद, चाकडी, चाम्लुसी, भनसून बढी वलियो हुने गरेको कुरा पनि सम्झिन्छु । म यस्तै देख्छु । यहाँ यस्तै हुन्छ । गर्नु के ? भन्ने कुरा मनमा राख्छु ।

**समाज र परिवर्तन**

हाम्रा नेताहरू देश सेवा, जनसेवा र इमानदारीका भाषण गर्छन् तर अभ्यास गर्दैनन् । हाम्रा कर्मचारीहरू हाजिर गर्छन् तर जनताको सेवा गर्दैनन् । हाम्रा बौद्धिकहरू सुधारको कुरा गर्छन् तर आफै दृष्टान्त हुने गरी उभिएका देखिन्दैनन् । हाम्रो देशमा सत्य, तथ्यमा आधारित समाजपयोगी, राष्ट्र निर्माणको लागि उपयोगी, पठनीय, अनुकरणीय, ज्ञान बा विज्ञानका लेखिएका पुस्तक, लेख रचनाहरू खोजीनीति गरी पढ्ने, तौलने, सही मूल्याङ्कन गरी राष्ट्र बिकासको लागि प्रयोग गर्ने चलन, अभिरूची, संस्कार, संस्कृति पनि देखिन्दैन । तैपनि, यो निराशाबीच पनि एउटा अडिग विश्वास म मनमा बाँकी राख्छु– कुनै दिन हाम्रो मुलुकमा पनि बोलाइ र गराइमा फरक नपर्ने ज्ञानी प्रबुद्ध, निस्वार्थी, जनसेवीहरू पनि जरूर जन्मने छन् । यो देश निर्माण गर्नेछन् । जनताले सुख पाउने छन् ।

त्यो दिन नआउञ्जेल म भन्दै गर्छु र सम्झिदै गर्छु मेरो उही पुरानो मेरी कविता ।

हिजो पनि, आज पनि–  
यहाँ यस्तै छ ।'

यसै सन्दर्भमा म सम्झिन्छु- बिना दोष, बिना कारण स्वैक्षिक अबकाशको नाममा जालझेलको राजनैतिक अबकाशले म र मेरी श्रीमतीले १४ बर्ष र ९ बर्ष सेवा अवधि अर्थात अवकाश अवधि बाँकी हुँदाहुँदै विश्वविद्यालयवाट अबकाश पाएको २०४९ भाद्र १ गतेको दिन । मेरो राष्ट्रको बिकास र मेरा देशबासी सवैको सेवाको लागि भारत र अमेरिका समेतको सहयोग, सद्भावना र लगानीबाट हामीले प्राप्त गरेको मुलुकमा अति कम जनशक्तिको अति आवश्यक र उपयोगी हाम्रो बिद्या र उपाधि हाम्रै देशको सरकार र तिनका पिछलग्गु बिद्वान उपकुलपति र उनका समुहले रक्षानमा मिल्काइदिएको त्यो दिन । अनि फेरि सम्झिन्छु (सोही कवितामा मैले २०४१ सालमानै म जस्तो, हामी जस्तो जोकसैको जागीर कुनै पनि बेला जानसक्छ भनी परिकल्पना गरी लेखेको निम्न बाक्य चरितार्थ भएको ती दिन । यो बाक्य पनि समय समयमा म गुनगुनाइ रहन्छु र भन्छु- यहाँ यस्तै छ ।

इमानले अडिग जागीर  
न तेरो छ  
न मेरो छ  
यसैले यहाँ  
पउने र पिलाउनेमा  
सब मस्त छ  
खाने र खुवाउनेमा  
सब ब्यस्त छ  
यहाँ यस्तै छ, यस्तै ।

*(लेखक परिचय: एक वरिष्ठ नागरिक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका निवृत पदाधिकारी, पूर्व प्रमुख, शैक्षिक प्रशासक तथा शिक्षा, राजनीति, सरकार, शासन-प्रशासन र सार्वजनिक सरोकारका मामिलासम्बन्धी नेपाली र अंग्रेजी भाषामा लेखिएका केही पुस्तक र असंख्य निस्पक्ष लेखहरूका लेखक ।)*

narayanshanti70@gmail.com




**लखन थापा** - प्रथम: यी गोरखाका राजा राम शाहका काजी र प्रधानसेनापति थिए । गोर्खाले तिब्बतको कुकुरघाटसम्म राज्यविस्तार गर्दा यिनले लडेका थिए । पछि यिनले गोर्खाको मनकामनादेवीको स्थापना गरे । अहिले २५० बर्ष जति पछाडिका अर्का सहिद लखन थापा लाइ बढि ज्ध्नज ष्निजत गरि यी काजी लखन थापाको नाम लिन पनि छाडेको देखिन्छ । यिनको राष्ट्रिय योगदान अमूल्य छ । यिनकै बंशका थापा मगरहरू मनकामनाका पुजारी छन् । सहायकरथी लोक बहादुर थापा मगर यही बंशका हुन् ।

**लखन थापा** - दोस्रो : यिनी राणाकालका हुन् । नेपाली सेनामा जागिरे थिए । तर उनी राजिनामा नदिएर भगौडा भई घर बसेका बिल्लादार (प्युठ, अमलदार, हवल्दार) सम्मको दर्जा हुनसक्ने अनुमान गरिन्छ । पछि उनले गोर्खा बुङ्कोट इलाकामा सशस्त्र समुह जम्मागरी *'मनकामना माईले जङ्गबहादुर कुंवर राणालाई मारी मलाई नेपालको राजा बन्न आशीष दिएकी छन्'* भन्ने कथन बनाई श्री ३ महाराज प्रधानमन्त्री जङ्गबहादुर कुंवर राणालाई मार्ने घोषणा गरे । नेपाली सेनाका मार्सल, श्री ३ र प्रधानमन्त्रीलाई मार्ने अभियोग लागि यी मारिए । हाल उनलाई नेपालको प्रथम शहीद बनाइएको छ । पहिलो र दोस्रो लखन थापा बीच झण्डै २५० वर्षको अन्तर छ ।

## काभ्रे २ मा उमेश थापाको उमेदवारी



**रूसा थापा**

गोकुल बास्कोटाले यसपल्ट टिकट पाएनन् । राजधानीको हुम्लाजस्तो बिकट मानिएको काभ्रेमा युवा उमेश थापाको उमेदवारी निकै चर्चाको विषय बनेको छ ।मुलुकमा २०७२ असोज ३ गते संविधान बन्यो । उनको प्रतिस्पर्धा नेकपा, रास्वपा, नेपाली कांग्रेस र एमालेले उम्मेदवारसँग हुनेवाला छ । दलका नेता कि समाजका युवा ? यो बहस काभ्रे २ मा उठेको सुनिन्छ । काभ्रे-हुम्ला, कालिकोटभन्दा अविकसित छ । त्यहाँ अझै पनि सडक, खानेपानी, बत्ती, शिक्षा, स्वास्थ्यको सुविधा पुगेको छैन । यतिसम्म कि सामान्य बिरामी हुँदा पनि काठमाडौं नै धाउनुपर्ने काभ्रेबासीको बाध्यता छ । दलका उम्मेदवारहरूलाई बारम्बार विश्वास गरेर काभ्रेबासीले पठाएपनि सिन्को नभाँचेपछि काभ्रेकै भुम्लु गाउँपालिका वडा नम्बर २, सिम्थलीका उमेश थापा चुनावमा उठेका हुन् ।



उमेश थापा भन्छन्- 'उपत्यकासँगै जोडिएको जिल्ला भएपनि काभ्रेमा आधारभूत सुविधा छैन । संविधानले हरेक नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युतलगायत सुविधाको प्रत्याभूत गरेको छ । मैले पत्रकारितामार्फत यसबारे पटकपटक आवाज उठाएँ । तर, राज्यको चौथों अंगलाई पनि सरकारले नजरअन्दाज गऱ्यो । त्यसैले, राज्यकै अंगमा गएर काभ्रेबासीको मात्र नभई देशभरका जनताको आवाज उठाउन उम्मेदवारी दिएको हुँ ।

दलबाट किन नउठ्नुभएको भन्ने हाम्रो प्रश्नमा उनले भने, 'पार्टीलाई पैसा नदिई टिकट पाइँदैन । मसँग त्यत्रो पैसा छैन । अर्कोतर्फ, लाखौं-करोडौं पैसा दिई टिकट पाएर जितेपछि पदमा पुग्नासाथ सो रकम असुल्न भ्रष्टाचार गरिन्छ । मैले भ्रष्टाचार गर्न होइन, काभ्रेबासीको आवाज बन्न खोजेको हुँ । त्यसैले, स्वतन्त्र उम्मेदवारी नै रोजे ।'

# Nepal's Tragedy: The Illusion of a Self-Correcting Democracy




**From the Myth of Self-Correction to the Reality of Sub-Optimal Politics**

Jan 22

### The Puzzle That Started It All

About almost twenty-five years ago, I began to ponder the growing insurgency in Nepal. At the time, the country was humming with multiparty democratic activity—elections, political debates, party competition—yet alongside this, a violent insurgency was expanding. The coexistence of democratic engagement and insurgency felt inconsistent.

I raised this question with a political science professor, who introduced me to the core principles of liberal democracy. Elections alone, he explained, are not enough. For democracy to work, power must also be devolved, participation must be meaningful, and institutions must prevent excessive concentration of authority. That conversation led me to think seriously about federalism, proportional mixed electoral system and devolution, ideas I later wrote about in Nepali Times and other outlets.

Around the same period, I asked the same question to a well-connected, highly educated staunch democrat friend. His response was reassuring: democracy, he said, is self-correcting. The power games of Girija Prasad Koirala or Prachanda's war against the establishment would eventually settle down. Citing other matured democracies, he assured me that multiparty system and democratic competition would take care of excesses. I was not totally convinced, but I nodded anyway.

Yet, in the years that followed, Nepal experienced not one but several political collapses, along with countless unsettling episodes. Governments fell, alliances reshuffled, constitutions were rewritten, and public anger periodically spilled onto the streets. None of this resembled the self-correcting democratic equilibrium I had been promised.

This essay returns to the original puzzle: why has Nepal's democracy failed to self-correctæ I have explored various facets of the system in earlier writings, but here I focus directly on the self-correcting mechanism—and why it appears to be missing.

### A Simple Parallel: How Markets Actually Work

To understand this, it helps to look at another system we often assume to be self-correcting: markets.

In theory, markets work well when competition is strong. If a product is poor or overpriced, consumers stop buying it. Firms lose money, improve, or exit. New firms enter. Prices send signals. Over time, things adjust.

But this only happens when certain conditions exist: competition is real, information is clear, entry and exit are easy (smoother business registration mechanism) and no single firm controls the market (no monopoly). Consumer choices and product safety are protected by the government regulation or the market mechanism.

In real life, these conditions often fail.

When markets are dominated by monopolies or cartels, they settle into poor outcomes. Prices stay high. Quality remains low. Innovation slows. Consumers complain but have nowhere else to go. The market may not collapse—it settles into a bad but stable situation.

Think of a town served by only one internet provider. Everyone knows the service is slow and overpriced. Customers complain constantly, but switching is impossible because there is no alternative. The company does not improve—not because it doesn't know better, but because it doesn't have to.

This happens not because people are foolish, but because market power and incentives are misaligned. That is, the actors with market power—dominant firms and cartels—face incentives to preserve the status quo, while consumers and would-be competitors bear the costs without the ability to alter outcomes. The government regulatory agency fails to break the monopoly for various reasons, including the political influence.

A clear example is the U.S. pharmaceutical market. Powerful firms maintain high prices through patents, regulatory barriers, and limits on foreign competition. Consumers complain, but have few alternatives; regulators hesitate or fail to act decisively. Although antitrust laws formally exist to control the power of big firm, weak enforcement allows the system to stabilize around high prices and limited competition—an inefficient outcome.

What matters for my thesis here is not the market itself, but the logic of the system. When transparency, competition, choice, and independent oversight align, systems can correct themselves. Politics follows the same logic: it works only when rules are enforced, choices are real, and power is subject to scrutiny. I turn to that next.

### Politics Is Not Very Different

As my friend said to me decades ago, democracy, just like the market, often self-corrects itself. If leaders perform badly, voters will punish them. If parties behave poorly, competition will fix it.

But this assumption holds only if political competition is real. We already know how political parties function in Nepal and what the country has endured over the past three decades.

For democracy to correct itself, citizens must have genuine choices. Political entry must be open. Parties must select candidates transparently. Rules must be enforced fairly. Power must be constrained. When these conditions are missing, politics begins to resemble a monopolized market. When the two largest parties collude to form a government, the system is deprived of a viable opposition—this is collusionary politics, not competitive politics. We have termed that a musical chair PMship.

In Nepal, political power is often controlled through patronage networks, internal party gatekeeping, and bargaining among elites. Entry into politics is blocked not just by law, but by money, loyalty, family ties, and control over party tickets. Parties behave like cartels, protecting their turf.

Just as consumers are trapped in a monopolized market with few real choices, voters are trapped in cartel-like politics. Elections take place, but candidates are not chosen by people on the ground in the constituencies; they are decided through bargains and power-sharing deals at the center.

By the time voters go to the polls, real choices have already been removed. Promises to introduce primaries for candidate selection—even by some promising younger leaders—have remained only on paper.

### Observed Elections, Filtered Choices

Nepal is not without election observers. Organizations like the National Election Observation Committee (NEOC), an ANFREL member, deploy thousands of observers, monitor codes of conduct, and issue pre- and post-election reports. Their work strengthens procedural integrity on Election Day—and that is important.

Yet what remains largely unobserved—and effectively unguarded—is the gatekeeping stage of democracy: how candidates are selected inside political parties.

Ticket distribution, proportional lists, and internal party democracy fall into this blind spot. Despite a clear constitutional mandate, the Election Commission has chosen not to enforce internal party democracy. Observers watch the polling booth; no one watches the gate.

The result is a structural gap. Elections are observed, but choices are pre-determined at the power center.

### The Party-Level Myth of Self-Correction

The belief that democracy self-corrects is perhaps most visible—and most flawed—at the level of political parties themselves.

Two recent episodes illustrate this clearly.

First, within the UML, even after a period marked by deep public dissatisfaction and violence against protesting youth, the party in power did not correct course. Instead of renewal, K. P. Sharma Oli rewrote internal party rules—removing age and term limits—and secured a third term as party president. Whatever one's partisan view, the institutional lesson is unmistakable: parties do not self-correct simply because public sentiment turns negative. This pattern cuts across parties and has been evident throughout the last three decades of Nepal's democratic practice.

It is in this context that the recent remarks by Bidhya Devi Bhandari, a UML leader and the country's former president, are revealing. Her call for constitutionally mandated term limits for party leadership underscores a deeper truth: internal party democracy cannot be left to voluntary restraint or to wishful faith in self-correction. This is precisely why I have repeatedly challenged the Election Commission's constitutionally mandated role to ensure internal party democracy under Article 269(4)(a).

A similar dynamic has long existed within the Nepali Congress, where top leadership led by Girija P. Koirala routinely sidelined dissenting voices and concentrated power within a few hands. After years of internal stagnation and failure to renew leadership, correction did not come under Deuba. It came through an internal "revolt." A younger generation of leaders—led by Gagan Thapa—challenged entrenched structures within a party carrying a long democratic legacy. Change occurred not because the party self-corrected, but because an external shock—the Gen-Z uprising of September—created a crack that internal challengers were able to exploit. Most importantly, the Election Commission's intervention altered the internal balance of power in Gagan Thapa's favor.

Taken together, these episodes reinforce a central point of this essay: self-correction rarely occurs on its own. Political parties behave much like monopolistic firms. When entry is blocked and rules are manipulable, power consolidates and functions like a cartel—something akin to an oil cartel such as OPEC. Correction occurs only when constraints are imposed, either from outside or through disruptive internal shocks. Without such constraints, parties stabilize in their own sub-optimal equilibria, regardless of public discontent—as the UML itself now finds, amid growing private dissatisfaction among its younger generation of leaders.

### Why Nepal Keeps Repeating the Same Cycle

Nepal has experienced multiple political shocks: 1990, 2006, constitutional resets, and periodic popular uprisings. This alone should make it clear that our democratic system has not been a self-correcting one.

After every shock, the same game has been played—with the system settling back into a familiar pattern: elite power-sharing, weak enforcement of rules, murky candidate selection, and institutions reluctant to challenge party leadership, whether it be the anti-corruption body or the Election Commission.

That is, the problem is not the lack of elections. It is the absence of conditions that allow democracy to correct itself. This is what I have been calling the middle corridor of democracy.

Nepal never fully built the political equivalent of competitive markets. The anti-corruption body looked the other way when it came to corruption, just as the Election Commission did when it came to the undemocratic practices of party leaderships. As a result, the country remained trapped in a sub-optimal state—often completely dislodged by shocks that seemed to occur every ten years. It never paid attention to implementing the constraints needed to absorb shocks. Instead of correcting itself, the system kept collapsing.

### The Illusion of Automatic Self-Correction


Ironically, many well-meaning intellectuals believed that democracy would fix itself over time, often appealing to the character of leaders and their personal virtues. The quality of leadership does matter in shaping the course of a country—but the experience of the last three decades should have been enough to question that belief.

Our civil society, too, became trapped in a mode of selective outrage. Some hesitated to challenge leaders they admired, while others looked the other way—raising the uncomfortable question of whether silence, action, or inaction was shaped by proximity to power and the benefits that came with it. The bottom line is that faith in self-correction, a comfortable assumption, ended up having deadly consequences for the country.

Like markets, democracies deliver outcomes consistent with their rules and incentives.

### The Missing Middle Corridor

This brings me back to my original question: does democracy self-correctæ I used the market system as a parallel to make my argument. Not by itself—unless institutional guardrails are deliberately put in place. Those guardrails take the form of strong law enforcement, equal justice for all, and effective checks and balances—an independent judiciary, a professional bureaucracy, and a society freed from excessive politicization by parties.




One way to think about this is through institutions that already resonate in the region. India's creation of the Lokpal in 2013 reflected a public recognition that corruption cannot be controlled by political goodwill alone—it requires an independent body insulated from day-to-day politics. Nepal faces a similar challenge, not only in fighting corruption, but in safeguarding democratic competition itself. Just as elections need an empowered referee (an independent EC and a civic watchdog), internal party democracy and political accountability require institutions that political actors cannot easily capture, rewrite, or ignore.

In short, party leadership must be put on notice for their tendencies toward institutional capture and internal authoritarian practices.

Furthermore, Nepal's democratic challenge today lies not only at the polling booth, but at the party gate, where candidates are selected and representatives are filtered before citizens ever get a choice.

There are several conditions required for democratic self-correction, but it can—and must—begin within the party itself: term limits, predictable leadership transitions, and transparent candidate selection. This is the first brick we need to lay in building the middle corridor of democracy.

In short: Nepal's political turbulence is not mysterious. It is predictable. And until the conditions for democratic self-correction are created, the idea of a self-correcting democracy will remain a pipe dream.

Conclusion: A word about the whole and its parts.

A democracy—the whole—does not become stable because its political parties—the parts—are virtuous, harmonious, or well-intentioned. It becomes stable only when party behavior is constrained by rules they cannot rewrite.

Like markets, parties must operate within firm guardrails: real competition, flexibility of entry and exit, transparent rules, and room for renewal and innovation. It is not just a moral discipline that keeps a system healthy, but institutional discipline.

A system made up of dynamic but constrained parts can adjust without collapsing. But when parties themselves are unstable, unchecked, and free to bend rules in their favor, the instability of the parts spreads to the whole.

That is where Nepal finds itself today. And until party behavior is structurally constrained, democratic stability will remain fragile—no matter how often elections are held.

***Dr. Alok K. Bohara, Emeritus Professor of Economics at the University of New Mexico, writes as an independent observer of Nepal's democratic evolution through the lens of complexity and emergence science. His systems-policy essays on Nepal's socio-economic and political landscape appear on Nepal Unplugged.***

# वीपीले किन भने– राजा मान्छु



*इतिहासका राजनीतिक घटनाक्रम..*

त्यतिबेला गणेशमान सिंह र म फर्पिङदेखि टोखासम्म खटिएका थियौं । पाटनको सहरी क्षेत्रमा हाम्रो जित भयो, बाहिर निर्दलवालाको । मलाई थाहा थियो, दरबारले कुनै पनि हालतमा हामीलाई जित्न दिंदैन । त्यसैले फेरि दु:ख दिने हो कि भनेर चुनाव भएको भोलिपल्टै कोलकाता फर्किएँ ।

क्यान्सरको उपचार गरेर अमेरिकाबाट फर्किएपछि बीपीलाई भेट्न काठमाडौं गएको थिएँ । कपाल पूरै झरेको थियो । भनेका थिए, *किमोथेरापी गर्दा बडो दु:ख हुन्छ ।* अहिले आफू पनि रोगले थलिएको छु । वास्तवमै बीपी प्रजातन्त्रवादी थिए, एकदमै सरल । कोहीसँग उनको रिसराग थिएन । यो दुनियाँमा जो ठूलो हुन्छु भन्छ, त्यही सानो हुन्छ । अहिले नेपालमा राजा बन्नेको हालत हेरौं त ? बीपी बितेको यति समय भइसक्यो । तर पनि नेपाली जनतामा उनीप्रतिको श्रद्धा घटेको छैन ।

विसं ०३३ मा राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्किएपछि बीपी कोइराला म कहाँ आइरहन्थे । एक दिन जिज्ञासा पोखे, किन राजा महेन्द्रले कू गरे होलान् ?

महेन्द्रकै कार्यकालमा म ०२६ सालमा प्रधानमन्त्री भएँ । त्यसैले उनलाई लागेको रहेछ, राजाले सबै कुरा मलाई भने होलान् । तर, ०१७ सालमा म संमक्ष गर्दै थिएँ । जवाफ दिएँ, मलाई किन सोध्नुहुन्छ ? आफ्नै प्रिय मान्छे विश्वबन्धु (थापा) र तुलसी (गिरी)लाई सोध्नू न । त्यसपछि कहिल्यै कुरा उप्काएनन् ।

जनमत संग्रहताका बीपीले प्रस्ताव राखे, तपाईं पनि राष्ट्रवादी सोचको मान्छे । किन एकै ठाउँमा मिलेर काम नगर्ने ? मैले बीपीलाई लामो समयदेखि आफू पञ्चायतमा सक्रिय रहेको सम्झाएँ । र, अहिले छाड्दा दरबारलाई घात हुने बताएँ । बीपीले फेरि दोहोर्याएर कुरा गरेनन् । त्यतिबेला बहुदल र निर्दलबीच ठूलो कटुता थियो । स्याङ्जामा बीपीलाई झन्डै मारे । मलाई पनि गोरखामा कांग्रेस समर्थकले झन्डै मारेका । रातभरी प्रहरीको सुरक्षामा बस्नुपर्यो । बीपीले खबर पाएछन् । आफ्नै कार्यकर्तालाई बोलाएर हकारे, के गरेको यस्तो ? कीर्तिनिधिजीको विरोध किन गरेको ? उनी पञ्चायतमा छन् भन्दैमा आफ्नो विचार राख्न नपाउने ?

सच्चा प्रजातन्त्रवादी हुन् बीपी, जो सबैको विचारलाई उत्तिकै कदर गर्थे । जनतामा जान भनेपछि भित्रैदेखि रमाउने स्वभाव थियो । प्रजातन्त्रमा चट्टानझैं अडिग थिए । प्रजातान्त्रिक आस्थामा विश्वास गर्ने र राष्ट्रवादीलाई एकजुट बनाएर लानुपर्छ भन्ने सोच थियो, उनको । जीवनभर दरबारबाट दु:ख पाए । तर, आवेगमा कहिल्यै राजसंस्थाको कुभलो चिताएनन् । मान्छे खराब हुन सक्ला तर संस्था खराब हुँदैन भन्ने मान्यता थियो उनको । जस्तो : महेन्द्रले उनीमाथि त्यत्रो अन्याय गरे, तैपनि महेन्द्रप्रति कहिल्यै तुष राखेनन् । एउटा महान् नेतामा हुनुपर्ने गुण यही हो- व्यक्तिभन्दा राज्यलाई प्राथमिकता दिने ।

अहिले सम्झन्छु, आखिर किन महेन्द्रले आफूले त्यतिविधि मानेका नेतालाई पद्च्यूत गरे ? किनभने, मैले देख्दा, महेन्द्र पनि बीपीप्रति कुनै पूर्वाग्रह राख्दैनथे । बीपीको कुरा हुँदा उनको भावै अर्को हुन्थ्यो । भन्थे, पीएम (प्रधानमन्त्री) हुनलायक मान्छे त बीपी नै हो ।

महेन्द्रमा पछिल्लो समय बीपीलाई राष्ट्रिय राजनीतिमा जोड्न नसकेकामा पछुतो थियो । म प्रधानमन्त्री भएकै बेला एक दिन उनले हामीलाई बोलाए । र, संविधानका केही धारा फेरबदल गरेर बीपीलाई राष्ट्रिय राजनीतिमा फर्काउने मनसाय व्यक्त गरे । त्यसको सात दिनमा महेन्द्रको निधन भयो । आफूैले सत्ताच्यूत गरेका प्रधानमन्त्रीलाई राष्ट्रिय राजनीतिमा समावेश गराउने उनको ध्येय थियो । तर, त्यो काम गर्भमै तुहियो ।

भारतीय समाजवादी नेता जयप्रकाश (जेपी) नारायणले विसं ०३१ मा प्रधानमन्त्री इन्दिरा गान्धीविरूद्ध सम्पूर्ण क्रान्तिको बिगुल फुके । त्यसबेला नेपालका अपदस्थ प्रधानमन्त्री बीपी कोइराला भारतमा निर्वासित जीवन बिताइरहेका थिए । इन्दिरालाई थाहा थियो, बीपी त्यत्तिकै चुप लागेर बस्दैनन् । त्यसमा पनि उनी जेपीसँग पारीवारिक मात्र होइन, सैद्धान्तिक रूपले पनि नजिक छन् भन्ने बुझेकी थिइन् इन्दिराले । त्यसैले उनले आफ्ना दूतमार्फत सन्देश पठाइन् । त्यसबेला बीपी आठ वर्ष सुन्दरीजल जेलमा बिताएर प्रजातन्त्र पुन:स्थापनाको अभियानमा थिए । त्यसैको तयारी स्वरूप ०३० सालमा उनले दोस्रोपटक सशस्त्र क्रान्तिको आह्वान गरसिकेका थिए ।

यसका लागि उनी सुरूमा इन्दिरासँग आथिर्क र नैतिक दुवै समर्थन जुटाउन गएका थिए । आश्वासन त पाए तर काम भने अगाडि बढेन । किनभने, इर्न्दिरा चाहर्नथिन्, बीपी भारतमा चलिरहेको आफू विरूद्धको समाजवादी आन्दोलनमा नलागून् । तर, बीपी चुप लागेर बस्न कहाँ सक्थे र ? भारतको स्वतन्त्रता संग्राममा दुईपटक जेलमा परसिकेका व्यक्ति । त्यसमा पनि एक कट्टर समाजवादी । उनी अदृश्य रूपमा आन्दोलनमा होमिए । अझ भनौं, इर्नदिराले आपत्काल लागू गरेपछि जेपी, चन्द्रशेखर, अटलविहारी बाजपेयी, मोरारजी देसाईलगायत थुप्रै नेता पक्राउ परे । त्यसपछि आन्दोलनले कुन रूप लिने हो ? सबै अन्योलमा थिए । त्यसबेला कर्पुरी ठाकुरलगायत अन्य नेतालाई आन्दोलनका लागि ऊर्जा दिनेदेखि योजनाका विषयमा गोप्य जानकारी गराउने काममा सकृय भए, बीपी । आफूैविरूद्ध लक्षित आन्दोलनमा बीपीको संलग्नता पक्कै पनि इर्नदिरालाई मन पर्ने कुरा थिएन । बीपीलाई नजिकबाट चिनेका बनारस हिन्दु विश्वविद्यालय (बीएचयू)का प्रोफेसर सुरेन्द्रप्रताप सिंह भन्छन्, एक त कांग्रेसबाटै फुटेर समाजवादी पार्टी बनेको थियो, त्यसै पनि कांग्रेसीहरू समाजवादीहरूलाई प्रतिस्पर्धी ठान्थे । त्यसमा पनि इन्दिरा हटाउने अभियानमै बीपी सक्रिय भएको कुरा उनीहरूलाई मन पर्ने प्रश्नै भएन । इन्दिराबाट बीपीले सहयोग नपाएको एउटा कारण यो पनि हो ।

यसैबीच ओखलढुंगा आक्रमणको गुप्त योजना चुहिएका कारण बीचैमा तुहियो । गएका प्राय: जवान सोलुखुम्बुको टिम्बुरबोटेमा मारिए । यो अपरेसनको असफलताले बीपी स्तब्ध भए । राजनीतिले नै कोल्टे फेर्‍यो ।

बीपीकै निकटस्थ बीएचयूकै राजनीतिशास्त्रका प्रोफेसर दीपक मल्लिकका भनाइमा बीपी ००७ सालमा राजा, राणा र कांग्रेसबीचको सम्झौतामा भारत बसेका कारण नेपालमा प्रजातान्त्रिक व्यवस्था मजबुत हुन नसकेको निर्णयमा पुगिसकेका थिए । त्यसैले उनी चाहन्थे, ओखलढुंगा आक्रमणपछि आफ्नै वैध सरकारको स्थापना गर्न र अन्तर्राष्ट्रिय समर्थन जुटाउन । उनले यसका लागि संसारभरि छरिएर रहेका समाजवादी देशसँग कुरा पनि गरसिकेका थिए । तर, ओखलढुंगा काण्डसँगै इन्दिराले कांग्रेसका नेता तथा कार्यकर्तालाई दिनुसम्म दु:ख दिइन् । त्यसमा पनि विशेष ०३० सालमा हवाईजहाज अपहरणमा मुछिएका व्यक्तिहरूलाई ।

यसैबीच तत्कालीन सोभियत संघको अफगानिस्तानमाथि हमला, इन्डोनेसियामा साम्यवादी दलले एडिट फर्मुला अन्तर्गत सुकार्नोको सत्तापलट गर्ने असफल प्रयास, भारतमा सिक्किमको विलय, भारतमा बढ्दो सोभियत प्रभाव तथा दरबारमा रोयल कम्युनिस्टको झाँगिंदो उपर्सथतिको विश्लेषण गर्दै बीपीले राष्ट्रिय मेलमिलापको नीति अर्खतयार गरे । र, ०३३ सालमा नेपाल फर्किने तयारी गर्न थाले । बीपीको त्यो निर्ण्य इर्नदिराका लागि स्तब्ध पार्ने खालको थियो । इन्दिराको विश्लषण थियो, आङ्नो दे शमा ज्यानको सजाय बोकेको मान्छे, यति सजिलै, त्यो पनि दरबारसूग कुरा नमिलाईकन कसरी जान सक्छ ? पूर्वकांग्रेस नेता बद्रीनारायण बस्नेत भन्छन्, इन्दिराको त्यस बेलाको फर्मुला बेलायतीहरूको जस्तै थियो, फुटाऊ र राज गर । बीपीलाई देखाएर दरबारलाई तर्साउने । दरबार देखाएर बीपीलाई । दरबार पनि चिनियाँ कार्ड देखाएर इन्दिरालाई बेलाबेलामा तर्साउँथ्यो ।

बीपी नेपाल फर्किएपछि दरबारलाई तर्साउन इन्दिरासँग कुनै कार्ड नहुने भयो । त्यसैले उनले भारतीय कांग्रेसका अध्यक्ष देवकान्त बरूवालाई बीपीकहाँ पठाइन् । आसामका बरूवा बीएचयूमा पढ्दैताका बीपीका मिल्ने साथी थिए । इन्दिरा इज इन्डिया, इन्डिया इज इन्दिराको नारा दिंदै इन्दिराको आशीर्वाद पाएका बरूवाले बीपीलाई फकाउने अनगिन्ती प्रयास नगरेका होइनन् । बस्नेत सम्झन्छन्, तर, बीपीले महारानी मान्नुभन्दा आफ्नै देशको राजा मान्छु भन्दै इन्दिराको प्रस्ताव अस्वीकार गरिदिए ।

यस्तै, सन् १९७१ को भारत-पाकिस्तान युद्धताका रक्षामन्त्री रहेका जगजीवन रामले पनि बीपीलाई फकाउन फोन गरेका थिए । सन् १९४२ मा स्वतन्त्रता संग्रामका क्रममा विहारको हजारीबाग जेल पर्दा बीपी र जगजीवन सँगै थिए । त्यसैले उनीहरूबीच राम्रो सम्बन्ध थियो । बस्नेतका अनुसार जगजीवनले फोन गरेर बीपीसूग भेट्ने समय मागेका थिए । तर, बीपीले फोनबाटै भनेछन्, महारानीले पठाएको भए नभेटौं । साथीको नाताले आउनुहुन्छ भने आउनुहोला । जगजीवनले कुरा बुझिहाले । बीपीलाई भेट्न गएनन् ।

लोकतन्त्रको हत्या गर्दै इमर्जेन्सी लगाउने इन्दिराको निर्णयलाई बीपी प्रजातन्त्रमार्फत फासिस्टवादतर्फ उन्मुख बताउँथे । उनले लेखेका पनि छन्, भारत अब ठूलो जेल भयो । सानो जेल नेपालमै फर्किन्छु । बनारसस्थित मामुरगन्जको निरालानगर कोलोनीमा बस्दा बीपीले भनेका कुरा बीएचयूका प्राफेसर सिंह अझै सम्झन्छन् । भन्छन्, इमर्जेन्सीपछि भारत जेल भइसक्यो । सानो जेल नेपाल फर्कन्छु ।

# भावी प्रधानमन्त्री देशको कि पार्टीको हुन्छ ?



**सुरेशकुमार पाण्डे**

सबैले प्रधानमन्त्रीको सिट ताकेपछि देशको अबस्था कस्तो होला ? रवीले भनेका छन्- बालेन प्रधानमन्त्री, कुलमान र हर्क साङ्पाङदेखि प्रचण्ड, ओली र गगन थापा पनि प्रधानमन्त्री बन्ने चर्चा छ । जो हुन्छन्, ती पार्टीका हुन्छन् कि देशका ? को बन्ला भावी प्रधानमन्त्री ?

यी सबै प्रधानमन्त्रीको दौड्मा छन् । राजतन्त्रवादी भन्छन्- देशमा अब राजतन्त्रको खाँचो छ । देशको तरल अवस्था देख्दा राजा बढी चिन्तित् देखिन्छन् । कुनै राजनीतिक शक्तिले पनि आत्मासमीक्षा गर्न सकेनन् ।

देशको यस्तो कहालीलाग्दो अवस्था बनाउने जिम्मेवारी त कसैको होला ? सबै पानी माथिको ओभानो बन्ने प्रयत्नमा छन् । पिडित जनताको रोजाई के होला ? फागुन २१ मा तय होला ।

जनता सधैं हावाको पछाडी उड्न खोज्ने हुन् त ? नेताहरूले जनतालाई सधैंभरी भेडा तुल्य सम्झिरहने हुन् ? प्रत्येक नेताले देशको सार्वभौमसत्तामा कब्जा जमाउन जसरी भएपनि जनमत लिने मनसायमा देखिन्छन् । लुटेर, भुटे, कुटेर नेताहरूलाई सत्तामा पुग्नुछ ।

कांग्रेस टुक्रियोस् कि एमाले जुटोस्, नेकपा बनोस् कि रास्वपाको लहर चलेजस्तो देखियोस् । जसलाई मुद्दा लागोस् कि आरोप लागोस्, देश चुनावमय बन्दै गएको देखिन्छ । निर्वाचन प्रणालीलाई लोकतन्त्रको सर्वोच्च ठानिन्छ । देशको जनसंख्या तीन करोड अपुग छ, त्यो पनि करीव तीन हिस्सामा एक हिस्सा विदेशमा छन् । उनीहरूलाई निर्वाचनमा सहभागी गराउन सकिएन । चुनावी पकृया सुरू भइसकेकाले समयमा निर्वाचन हुनसक्ने देखिन्छ । हरेक पार्टी प्रधानमन्त्री भन्दा तलका कुरा नै गर्दैनन् ।

विश्लेषक भन्छन्- फेरि पनि कुनै दलले बहुमत पाउने छैनन् । त्यपछि देखिने छ, दलहरूको चर्तिकला ।

नयाँ जनेरेसन् जसले प्राबधिक सुबिधा पाएको मात्र छैन, शोसल मिडियामै जन्मियो हुर्कियो इन्टरनेट जस्ता सुबिधा उनीहरूको अंशमा परेका छन् । तिनै युवाहरू जसले हिंजो गैर दलिय सरकारको माग गर्यो र अन्तरिम सरकार बनायो आज उनैले राजनीतिक पार्टीका कमान छोपेका छन् । गैरदलिए भन्नेहरू धेरैजसो रास्वपा उमिदवार बनेको देख्दा अन्तरिम सरकार उनैले बनाएको पुष्टी हुन्छ । भदौ २३ र २४ गते कसले आन्दोलन गर्‍यो, देश खरानी बनायो, बिस्तारै पर्दा उघ्रदैजाला ।

न त पुराना पार्टीले लोकतन्त्रको आचरण देखाए, न त जेनजी सरकारले चरित्र चम्कायो ? चुनाव भइहाल्यो भने जनताले कसलाई चुन्लान् ? जनताले बालेन, केपी ओली, प्रचण्ड, गगन थापा कसलाई प्रधानमन्त्री बनेको हेर्न चाहलान् ? जनमत कसका पक्षमा जाला ?

साह्रै गनाएका केही कांग्रेसका देउवा कोटरी, एमालेका केही नेताहरू किनारा लागेका छन् । केपी ओली र प्रचण्ड किनारा लगाउने बेला चाहीं चुनाव बनेको छ । जेन्जी आन्दोलनबाट कसैलाई फाइदा भएको छ भने कतिपय विदेशीका सच्चा एजेन्टहरूलाई भयो भनिन्छ । आरोप प्रत्यारोप जो जसमाथि लगाए पनि यथार्थमा कमजोरी आन्तरिक राजनीतिकर्मीकै हो । जसले विदेशीलाई मैदान उपलब्ध गराएका थिए । जबसम्म राजनीति संग्लिदैन, तवसम्म स्थिरता, शान्ति र सम्बृद्धि सम्भव छैन । आन्तरिक सुधारबाट नै जनताको बारेमा सरोकार राख्न सक्छ । जनहितमा, देशहितमा काम गर्न सक्छ । स्वराज, सार्वभौमिकता र लोकतन्त्र बलियो पार्नसक्छ ।

हो, भारत, चीन र अमेरिका देशमा हावी छ । यी तिनै शक्तिलाई सन्तुलनमा राख्न नसक्नु र स्वार्थअनुसार पार्टीहरू त्यसतिर ढल्किदा देशको अस्तित्व संकटग्रस्त हुँदै गएको हो । बिस्तारवाद र साम्राज्यवादले देशमा जाल बिच्छायो भनेर भन्नुभन्दा त्यस्तो जाल बिच्छाउने वातावरण बनाइदिने हाम्रा नेता, पार्टी, प्रशासकहरूलाई दण्डित गर्नु उचित हुन्छ । जेनजी आन्दोलनले भ्रष्टाचार उन्मूलनको नारा लगाएर सत्ताधारी पार्टीहरूलाई पाखा लगायो । उनीहरू केहिदिन भूमिगत पनि भए । गैर दलिए सरकार बन्यो, चुनाव घोषणा पनि भयो । अब निर्णायक बेला आएको छ, जसलाई जेनजीले घृणा गरेका थिए, जे कुरा जेनजीले खोजेका थिए, त्यसको परिपूर्ति चुनावका माध्यमबाट हुनसक्छ । जो जनघातक छन्, जो देश घातक छन्, तिनलाई जनताले तह लगाउने अवसर चुनाव नै हो । भ्रष्ट, चरित्रहीन, सिद्धान्त, नीति, नैतिकहीन छन्, तिनीहरूलाई जिताउने अनेक शक्ति लाग्न सक्छन्, जनता सचेत र जागरूक भए भने पाखा लगाउने समय चुनाव नै हो ।

जनताले २०४६ र २०६३ पछि कुन कुन नेता र कुन कुन पार्टीले सही काम गरे, गलत के के गरे, मूल्याङ्कन गर्नुपर्छ, बही खाता खोतल्नुपर्छ । जसले जनअपेक्षा पूरा गर्छ भन्ने लाग्छ, त्यस्ता असललाई चुनाव जिताउन सके आगामी दिनमा पुर्पुरोमा हात राखेर पछुताउनु पर्नेछैन । अस्तित्वरक्षा पनि हुनसक्छ ।

जो निरन्तर भ्रष्टाचार बिरूद्धको आन्दोलन गर्दै आएको छ । सङ्घीयता, एमसीसी, बीआरआई, नागरिकता बिधेयक लगायतका तमाम असमान र राष्ट्रघाती संझौता तथा सन्धिको बिरूद्धमा आवाज उठाउँदै आएको राजनैतिक शक्ति र व्यक्तिलाई जनताले सकार्नुपर्छ, राष्ट्रिय जनमोर्चालाई यो देशका जनताले नकार्न सक्दैनन् ।


जेन्जी आन्दोलनले नयाँ पुस्ताको नाममा बेदाग र देशभक्त समेतको उपक्षा गर्यो र नयाँ पुस्ता भन्दै लगातार केही भ्रष्टाचारमा संलग्न भएकालाई अगाडी सारेको देखियो । आन्दोलन् भ्रष्टाचार मुक्त गर्ने मनसायमा थियो भने भ्रष्टाचार बिरूद्धका युवा, बुढा जो कसैलाई अगाडी सार्नेथिए तर उमेदावरीमा आशालाग्दो अवस्था कमजोर देखियो । राजनीतिक पार्टीभित्र स्वयम संसदभित्र पनि कयौं ईमान्दार देशभक्तहरू थिए तर जेन्जीको खोलभित्र लुकेका अवसरवादीको लागि त्यस्ता देशभक्तहरूलाई पाखा लगाउनै पर्ने थियो, त्यही गरे । यदि उनीहरू साँच्चै भ्रष्टाचार बिरोधी हुन्थे भने संसदमा, सडकमा लगातार भ्रष्टाचारको बिरूद्धमा लडिरहेका इमान्दार देशभक्तहरूलाई साथमा लिएर भ्रष्टाचार बिरोधी र सुशासनका पक्षमा आन्दोलनलाई बलियो बनाउने थिए । जेन्जी विद्रोहपछिको कथित जेन्जीको नाममा अवसरवादी र विदेशीहरूका ऐजेन्टहरूले त्यो आन्दोलनलाई आफ्नो कब्जामा लिएर देशको सार्वभौमसत्तामा विदेशीको कठपुतलीलाई बसाल्न मरिहत्य गर्दै आउनु दु:खद छ ।

आन्तरिक राजनीतिक असक्षमताका कारण विदेशी शक्तिहरू बलियो भएका छन् । जनताले इतिहासको कुनै कालखण्डमा माग नगरेका र देशको अहितमा प्रवेश पाएका अनेकानेक विषयले देशलाई अत्यन्तै तरल र संम्वेदनशील अवस्थामा पुराएको छ । त्यसको बारेमा कुनै राजनैतिक शक्तिले आवाज उठाउनुको सट्टा मन्त्री र प्रधानमन्त्रीका अँशबण्डाहरू गर्दै तछाड मछाड गरिरहेका छन् । यस्तो व्यवहारले राष्ट्रियतामा नकारात्मक प्रभाव पार्ने गरेको छ ।

यस्तो विषम परिस्थितिबाट देशलाई कसरी निकास दिने आगामी निर्वाचनमा जनताको झुकाव कता हुन्छ ? त्यसले जनता कत्तिको सचेत छन् भन्ने कुरालाई पनि पुष्टी गर्नेछ । जनताले भ्रष्टाचारीलाई जरैबाट उखेलेर फ्याँक्न सक्छन् की फेरी उस्तै भ्रष्टलाई आफ्नो अमूल्य मत दिएर देश खरानी भएको तमासा हेर्छन् । फागुन २१ जनताको पनि अग्नि परीक्षा हो । पार्टी र नेतालाई देशबादी बनाउने जनताले नै हो । यो गुरूत्तर दायित्वमा देशका नागरिकहरूको कर्तव्य हो । हामी सबै जनताले आफ्नो कर्तव्यको पालना गरौं ।

## सुरक्षा चुनौतीपूर्ण

प्रधानसेनापति अशोकराज सिग्देलले राष्ट्रिय सुरक्षा वर्तमान अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सुरक्षाको अवस्था बहुआयामिक, जटिल र चुनौतीपूर्ण बन्दै गएको भन्नुभएको छ । राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार विकास समितिको 'नेपालको राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता र समृद्धिमा प्रतिरक्षा विश्वविद्यालय'को भूमिका विषयक कार्यक्रममा प्रधानसेनापतिले यति महत्वको खुलासा गर्नुभएको हो ।



प्रधानसेनापतिको निष्कर्ष छ- बहुपक्षीय संस्थाको कमजोर र स्वार्थ केन्द्रित गठबन्धनको बढ्दो प्रभाव, सूचना प्रविधिको व्यापक प्रयोग र दुरूपयोग, साना-राष्ट्रको घट्दो निर्णय क्षमताका कारण राष्ट्रिय सुरक्षामा व्यापक चुनौती थपिदै गएको हो ।

उहाँले 'नेपालको भू-राजनीतिक अवस्थित, तरल राजनीतिक अवस्था, विभिन्न समूह तथा संघसंस्थाका गतिविधि, बसाइँसराइ, वैदेशिक रोजगारमा निर्भरता, घट्दो कृषि तथा बढ्दो आयातले आर्थिक तथा सामाजिक सुरक्षामा थप जटिलता उत्पन्न भइरहेको छ ।' भन्नुभयो ।

यो विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका कार्यकारी निर्देशक एवं उपरथी विष्णु राउतले विश्वविद्यालयको पाठ्यक्रम निर्माणको कार्य अन्तिम चरणमा पुगेको बताउनु भयो भने प्राज्ञिक समूहका सदस्य डा. शम्भुराम सिंखडाले सुरक्षा फौज निश्चित संरचना, अनुशासन र आदेशमा चल्ने सङ्गठन भएको पक्ष सबैले मनन गर्नुपर्ने बताउनु भयो ।



कार्यक्रममा विषयविज्ञ डा. पिताम्बर भण्डारी, प्रा डा मीनादेवी वैद्यले पनि बोल्नु भएको थियो । यो विश्वविद्यालय काभ्रेको बनेपा नगरपालिका-१३ र १४ मा आठ अर्ब ६३ करोड १० लाखको लागतमा निर्माण भइरहेको छ । आगामी साउनदेखि यो विश्वविद्यालय सञ्चालनमा ल्याउने तैयारी छ ।

## नेपाली सेनाको फोटो प्रदर्शनी

नेपाली सेनाले के के गरिरहेको छ भन्ने जानकारी दिएको छ । नागरिकलाई सेनाको गतिविधि जानकारी दिने उद्देश्यले माघ ४ देखि सुरू गरेको प्रदर्शनी माघ ७ गते सम्पन्न गरेको छ । यो प्रदर्शनीमा सैनिक पोशाक, हवाई सेवा, सेनाको विकास र जिम्मेवारी तथा अन्य विविध कृयालाप प्रदर्शन गरिएका थिए । र, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष संरक्षण, शान्ति सेना, विकास निर्माण, विपद् व्यवस्थापन, खेलकुद, सैनिक विद्यालयहरू, राष्ट्रिय सेवा दललगायत गतिविधि समेटिएका ३० वटा कक्ष पनि राखिएका थिए ।

सैनिक जनसम्पर्कका अनुसार प्रदर्शनीमा आमनागरिक र विद्यार्थीको अत्यधिक चाख देखिएको थियो । बुद्धिजीवीहरूले पनि प्रदर्शनी हेरेको थिए ।

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८२ माघ १३, Jan. 27, 2026



# जीवित देवीको आशीर्वाद

आर्यातारा : नयाँ जिवित कुमारी । पूर्वराजाले नयाँ जिवित कुमारीको हातको टिका र आशीर्वाद थापेपछि जनमानसमा र पार्टीहरूमा समेत राजतन्त्रको गरिमा र महिमा सम्झनामा आउन थालेको छ । अभिभावक त चाहिने रहेछ, यो विषयमा खासगरी नेतृत्व परिवर्तनपछि वीपीनीतिको कुरा उठेको र यही प्रसङ्गमा कांग्रेस र अन्य पार्टीहरूमा विशेष चर्चा परिचचा हुनथालेको सुनिन्छ । अचम्म त के छ भने राजतन्त्र ल्याउँछौं भन्ने राप्रपामा भने राजतन्त्रको विषय गौण बन्दै गएको छ ।



## अन्तिम पातो – शाश्वत शर्मा



# त्यतिबेला ढिलो भइसक्छ

फागुन २१ को चुनावमा नेपाली पार्टी लड्दैछन् कि विदेशी ताकत ? भन्नेहरू भन्छन्- सीआइए र रअ मात्र होइन, चुनावका लागि चिनियाँ पनि घुसिकेका छन् । यी बाहेक पनि अनेक विदेशी चाकतहरूले चुनावमा चलखेल गरिरहेको चर्चा व्याप्त छ । कतै यी विदेशी ताकतहरूको प्रतिस्पर्धामा हिंसा नबढोस् । विश्व राजनीतिमा झैं नेपालको चुनावमा पनि सीआइए आक्रामक रहेको अनुमान धेरैले गरेका छन् । अघिल्लो चुनावसम्म भारतको हैकम चलेकोमा फागुन २१ को चुनावदेखि भारत फिक्का परिसकेको आँकलन छ । सबैशक्ति एकातिर अमेरिका अर्कोतिर देखिदैछ । संसद पुनर्स्थापना, अवैधानिक सरकार भन्ने र मान्नेहरूसमेत अमेरिकी प्रभावका कारणले चुनाव चुनाव भनेर अघि सरेका छन् । गगन थापाको उदय पनि देउवा क्याम्प भारततिर बढी लहसिएकाले नै भएको हो । अब त पार्टी कार्यालयमात्र होइन, भावी प्रधानमन्त्री समेत गगन घोषित भइसकेका छन् । चुनावमा नयाँ सोचको उदय यसपटक देखि नै भएको हो । सुरूमा रास्वपाले रवि लामिछाने सभापति र बालेन साह भावी प्रधानमन्त्री घोषणा भएका थिए । कांग्रेसले त्यही रणनीति अपनायो । एमालेले भावी प्रधानमन्त्री केपी ओलीलाई घोषणा गरिसकेको छ भने यता नेकपाका संयोजक प्रचण्ड झन के कम ? चुनावबाट नेकपा ठूलो पार्टी बन्ने र आफै भावी प्रधानमन्त्री बन्ने बताइसकेका छन् ।

गत भदौ २३ र २४ को जेनजी आन्दोलनमा विदेशी घूसपैठ भएको थुप्रै चर्चा परिचर्चा भइसकेका छन् । त्यसपछिका परिवर्तित दृश्यहरूमा अमेरिकी प्रभाव बढी सकृय र आक्रामक देखिन्छ । यही प्रभावलाई निस्तेज पार्न रूस, चीन, भारतले आफ्नापक्षीय उमेदवार संख्या बढाएको बताइन्छ । खासगरी रास्वपाको बढ्दो दबदबा धान्न नसकेर र भावी दिनमा राष्ट्रपतिमा च्याँखे थाप्न गोरखा २ मा पहिलेदेखि भारतपक्षीय मानिएका डा.बाबुराम भट्टराईले समेत मैदान खाली गरिदिएका छन् । सर्लाही ४ मा कांग्रेस सभापति गगन थापा र भारत पक्षीय मानिएका अमरेशकुमार लड्दै छन् । अमेरिकी खेमाका मानिएका गगनसँगको प्रतिस्पर्धामा अमरेशलाई यो चुनाव फलामको च्यूराभन्दा साह्रो बनेको छ ।

मुख्य चुनाव अर्थात जेनजी आन्दोलनले लोकतान्त्रिक गणतन्त्रको अवसान गरिदिएपछि हुनलागेको चुनावमा झापा ५ विश्व समाचार बनेको छ । यो चुनावमा पूर्वप्रधानमन्त्री केपी ओली र पूर्व राजधानीका मेयर बालेन साहवीच मुख्य टक्कर चलेको छ । विश्लेषकहरू भन्छन्- यो चुनाव नेपाली मनोविज्ञानको जनमत संग्रह हो र यो चुनावको नतिजाले चीन र अमेरिकावीचको टक्कर पनि देखिनेछ । बालेन साहलाई अमेरिकी लवीको मानिनु यसको कारण हुनसक्छ । तथापि झापा ५ को निर्वाचन परिणामले जेनजी आन्दोलन र तिनको मगपूर्तिको प्रत्याभूति पनि दिनेछ ।

यसपल्टको चुनावमा हरेक पार्टीले युवाहरूलाई बढी मौका दिएका छन् । देउवा खेमाका एकसेएक पुरानाहरू बेञ्चमा बसेर मतदातामा सिमित भएका छन् । भारतले ऋषि धमलालाई समेत रौटहटको चुनावमा प्रभु साहको पार्टीबाट उतारेको छ । पत्रकारबाट राजनीतिमा फाल हालेका ऋषि धमलालाई भारतले जिताउन सक्ला र ? सिधै हेर्दा भारत र अमेरिका नेपालको चुनावमा भिड्दैछन् । सार्वभौमिकता नेपालको, नागरिकता भारतको लिनेहरू धेरै चुनावमा छन् । भनिन्छ, नेपाल विकराल समस्यामा छ, चुनाव समाधान हुनसक्ने सम्भाबना कम छ । नेपालमा राजसंस्थाको आवश्यकता झन बढी देखिदैछ । भारत र चीन खुम्चिदा नेपाली आवश्यकतामाथि अमेरिकी विरोधको छायाँ पर्न पुगेको छ । कतिपय विश्लेषणकहरू अमेरिकाको कारणले गर्दा राजतन्त्र पुनर्स्थापित हुन गाह्रो परेको हो भन्ने गरेका छन् ।

हरेकको निष्कर्ष छ, राजतन्त्र पुनर्स्थापना गर्न सकेको भए नेपाली एकता कायम हुनसक्थ्यो । सुशासनमा कायम हुन र अपराधिकरण शून्यतामा झर्थ्यो । यो बिकराल समस्याबाट बिस्तारै मुक्ति पाउन सकिने थियो । जे महत्वको थियो, त्यो छायाँमा पारियो । अरू त अरू राजतन्त र हिन्दुराष्ट्र भनेर नथाक्ने राप्रपाजस्ता पार्टी र अभियन्ताहरूसमेत थाकेर सुसाउन थालेका छन् । यो तरिकाले नेपालको साख गिर्दो छ, नेपालको अस्तित्व संकटमा बेरिदै र बटारिदै गएको छ ।

राजनीतिमा शेरबहादुर देउवा प्रवृत्ति ब्याकबेञ्चर बन्नपुग्यो । युवाले मौका पाए । चुनावमा बालेन, सुदन गुरूङ, गगनहरू छाए । यो चुनावमा आन्तरिक शक्तिको प्रतिस्पर्धा हुनसकेको भए, जेनजी आन्दोलन सफल मानिन सक्थ्यो । यसमा चुक देउवा, ओली, प्रचण्डहरूकै छ । देउवा थन्किए, प्रचण्ड र ओलीलाई यो चुनावबाट किनारा लगाउन सके नयाँ पुस्ता आउने थियो र नयाँ पुस्ताले विदेशी शक्तिलाई न्यूनिकरण गर्न जनताको दबाबमा सफल भए भने नेपालीत्व रहने र नेपाली सार्वभौमिकता बलियो पनि हुनसक्नेछ । यसका लागि नयाँ पुस्ताले परम्परागत राजनीतिक शक्तिलाई पनि यथास्थानमा दिन अग्रसर हुनैपर्छ ।

आन्दोलन भयो, नयाँ नेता जन्मिने क्रममा छन् । तिनलाई माटोको महत्व सम्झाउन सकियो भने जनताको जित हुनेछ । यही शिक्षाले भ्रष्टाचारको न्यूनिकरण, सुशासन र समानता कायम हुनसक्छ । जनताको निर्णायकत्व चुनावमा देखिनैपर्छ ।

# हुम्लाको दिगो विकास र प्रगति सम्भव छ । – दीपेन्द्र रोकाया

प्रचुर प्राकृतिक सम्पदा भएको तर राज्यको उपेक्षा र पहुँचको अभावले विकासको सम्भावनालाई थिचिराखेको हिमाली जिल्ला हो हुम्ला । सुधारलाई निर्णायक तहमा पुऱ्याउन इच्छाशक्तिका साथ संकल्पित नेतृत्वको खाँचो छ ।

२७ गाउँ विकास समितिको संरचनाबाट सात गाउँपालिकामा रूपान्तरणसँगै स्थानीय लोकतन्त्र संस्थागत भएको छ । यसले विकास योजनाको स्वामित्व समुदायमै बढाएको छ । संघ र प्रदेशसँग कतिपय विषयमा संघर्ष गर्नैपर्ने अवस्था रहे पनि हुम्लाका स्थानीय तहले संघीयताको लाभ उठाएर आफ्नो भाग्य आफैंले लेख्ने अवस्थामा पुगेका छन् ।

शिक्षाको उज्यालो

हुम्ला साक्षर जिल्ला घोषणा भइसकेको छ । शिक्षकको स्थायित्व अझै चुनौती भए पनि शिक्षामा आएको सुधारले आगामी दशकमा स्थानीय जनशक्ति उत्पादनको आधार तयार भएको छ ।

उच्च शिक्षाका लागि बाहिरी निर्भरता घटाउने रणनीति सम्भव हुँदै गएको छ । यसलाई दक्ष र प्राविधिक जनशक्तिमा रूपान्तरण गर्नुपर्छ । स्वास्थ्यको पहुँच हुम्ली जनताको आयु ५४ वर्षबाट ६७-६९ वर्षमा पुग्नु स्वास्थ्य क्षेत्रमा भएको सुधारको ठोस प्रमाण हो । १५ शय्या भने पनि अहिले २५ शय्याको जिल्ला अस्पताल सञ्चालनमा छ । जिल्लामा २६ स्वास्थ्यचौकी र ३३ वटा सामुदायिक स्वास्थ्य केन्द्र छन् । खोपको पहुँचमा स्थिर सुधार, शिशु मृत्युदर ८०-९० बाट ३५-४० मा झर्नु पनि उपलब्धि मान्नुपर्छ । दक्ष प्रसूति सेवा ६० प्रतिशत नजिक पुग्दा मातृ र शिशु स्वास्थ्यमा सुधार भएको छ । यद्यपि, कुपोषण ( करिब ३० प्रतिशत), आकस्मिक सेवाको पहुँच र पहाडी भूगोलका अवरोध अझै चुनौती छन् ।


कृषि र पशुपालनमा आधारित अर्थतन्त्र क्रमश: व्यापार र पर्यटनतर्फ उन्मुख छ । प्रवासी रोजगारी मध्यमरूपमा बढेको छ । वार्षिक आय सुधारोन्मुख छ । स्थानीय उत्पादन (जडीबुटी, उच्च हिमाली कृषि, सीमा व्यापार र जिम्मेवार पर्यटन) लाई मूल्य शृंखलामा जोड्न सके हुम्लाको आर्थिक भाग्य गुणात्मक रूपमा फेरिन सक्छ ।

कर्णाली करिडोर खुल्यो । यो सडकबाट सबै पालिका केन्द्र जोडेर चीनको सीमा क्षेत्र हिल्सासम्म पुग्न सकिने भएको छ । यो भविष्यको अर्थतन्त्रको मेरूदण्ड हो । कर्णाली करिडोरका साथै लिमीदेखि रारासम्मको हिमाली पर्या-पर्यटकीय सडकलाई स्तरोन्तिमा जोड दिनुपर्छ । हवाई सेवा आज पनि जीवनरेखा बनेको छ । कर्णाली एयर सञ्चालनमा प्रोत्साहन गर्नुपर्छ ।

विद्युत् पहुँच बढ्दो छ । नाम्खा गाउँपालिकाको याल्वाङ, सिमकोट गाउँपालिकाको धारापोरी र खार्पुनाथ गाउँपालिकाको छिप्रामा निर्माण हुने हुम्ला कर्णाली क्यास्केड जलविद्युत् आयोजनाले ६८१.२ मेगावाट विद्युत् उत्पादन गर्ने भएको छ ।

यस्तै खार्पुनाथको लाली औलदेखि सर्केगाडको दुल्ली कुनामा निर्माण हुने जलविद्युत् आयोजना ३३५ मेगावाट विद्युत् उत्पादन हुने भएको छ । एवं प्रकारले तुम्कोट, लोती, कवाडी, ह्याक्पाखोला, तल्छरीलगायतका जलविद्युत् आयोजनाले स्थानीय सम्भावना र उज्यालो भविष्य देखाइरहेका छन् । सुरक्षित खानेपानी ७० प्रतिशत पुगेको छ । मोबाइल र फोरजी पहुँच विस्तार हुँदैछ । यसमा थप पहलकदमी लिन आवश्यक छ । समानता र गुणस्तरीय जीवन दलित र पहिचान नपाएका आदिवासीको शिक्षामा सुधार देखिँदै गएको छ तर असमानता, बाल/महिला श्रमजस्ता मुद्दा अझै छन् ।

***तथ्यांकहरूले हुम्लालाई 'सधैं पिछडिएको' कथाबाट मुक्त गराउनु छ । शिक्षा र साक्षरतामा संख्यात्मक प्रगति, स्वास्थ्यमा आयु बढ्नु, खाद्यसुरक्षामा सुधार देखिनुले भविष्यप्रति विश्वास जगाएको छ । बल्ल कर्णाली करिडोर खुल्यो, प्रसारणलाइन जोड्ने र अप्टिकल फाइबर बिच्छ्याउने योजना अगाडि बढेको छ । हुम्लाको भाग्य अब दयामा होइन, तथ्य, नीतिगत स्पष्टता र समुदायको सामूहिक इच्छाशक्तिमा निर्भर छ र यही इच्छाशक्ति नै उज्यालो भविष्यको ग्यारेण्टी हो । यसैले स्थानीय मनलाई प्राकृतिक स्रोतसँग लगानीमैत्री वातावरण निर्माण गर्न पर्नेछ । यसका लागि समय आइसक्यो ।***




भविष्यको रोडम्याप

निरन्तर राज्यको उपस्थिति र स्थानीय समुदायको अपनत्वले दिगो विकास र प्रगति सम्भव हुन्छ । यसका लागि क्षेत्रगत नीति र प्राथमिकता दिन सक्नुपर्छ । हुम्लाको दिगो विकासका लागि आगामी १०-१५ वर्ष निर्णायक हुने छन् । यसका लागि क्षेत्रगतरूपमा स्पष्ट प्राथमिकता निर्धारण गरी समन्वित नीति कार्यान्वयन गर्न आवश्यक छ । शिक्षा क्षेत्रमा अबको मुख्य नीति प्राथमिकता आधारभूत साक्षरताबाट गुणस्तरीय र प्राविधिक शिक्षातर्फ रूपान्तरण हुनु पर्दछ । अर्थतन्त्रको सन्दर्भमा हुम्लाको प्राकृतिक र सांस्कृतिक सम्पदालाई मूल्य शृंखलामा जोड्ने नीति लिनुपर्छ । जडीबुटी, कृषि, पशुपालन र पर्यटनलाई स्थानीय उद्यमसँग जोडेर रोजगारी सिर्जना गर्नुपर्छ ।

## निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं ।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं ।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरूलाई पनि जानकारी गराऔं ।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं ।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरूलाई पनि जानकारी गराऔं ।
- आचारसंहिता उल्लंघन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं ।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचमा नपरौं/नपारौं ।

निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

